२२	Investigation	यस महलमा बिरामी भर्ना हुन आउँदा चिकित्सकले लेखेको आवश्यक पर्ने अनुसन्धानमूलक परीक्षणको विवरण, जस्तैः ल्याब, एक्सरे इत्यादि लेख्नुपर्दछ ।
२३	Provisional Diagnosis	यस महलमा बिरामी अस्पालमा भर्ना हुन आउँदा उनीहरूले बताएको History वा Complain का आधारमा स्वास्थ्यकर्मी वा चिकित्सकले गरेको सम्भावित निदान (Provisional Diagnosis) लेख्नुपर्दछ । बिरामी अन्य संस्थामा जाँच गराएर वा प्रेषण भएर आएको भए उक्त संस्थाले गरेको निदानलाई आधार मानि यस महलमा चढाउनु पर्दछ ।
२४	Name of Surgery	यस महलमा भर्ना हुने बिरामीको शल्यक्रिया हुने भए कुन प्रकारको शल्यक्रिया हो ? सोको नाम लेख्नुपर्दछ ।
२५-२६	Police Case	यस महलमा भर्ना हुन आएको बिरामी Police case भई आएको भए महल २४ को १ मा गोलो घेरा लगाउनुहोस् र Police case होइन भने महल २५ को २ मा गोलो घेरा लगाउनुपर्दछ । Police case सँग सम्बन्धित कागजातहरू कानुनी प्रक्रियाका लागि लामो समयसम्म सुरक्षित राख्नुपर्ने भएकोले Police case छुट्याउनका लागि यस महलले सहज बनाउँछ ।
२७	Remarks	माथि उल्लेखित बाहेक थप जानकारी आवश्यक भएमा यस महलमा उल्लेख गर्नु पर्दछ ।

HMIS ८.२: बिरामी डिस्चार्ज रजिष्टर

(Patient Discharge Register)

अस्पतालमा भर्ना भई उपचार पाएर Discharge भएका बिरामीहरूको अभिलेख राख्ने रजिष्टरलाई Patient Discharge Register भनिन्छ । चिकित्सकको सल्लाह अनुसार, आफ्नो राजीखुशीले, अन्यत्र रेफर भएर, उपचार गर्दागर्दै, मृत्यु इत्यादि जस्तोसुकै कारणले बिरामी Discharge भएको भएता पनि यस रजिष्टरमा अभिलेख राख्नुपर्दछ ।

रजिष्टरको नमुनाः

DISCHARGE RE

Fiscal Year _____/_____

SN	Inpatient No.	Date and time of discharge			Date and time of admission			Length of stay (days)	First, middle and family name	Caste/ ethnicity code	National ID No.	Age / Sex							
												0-7 days		8- 28 days		29days-11months		≥ 1 year	
												Days		Days		Months		Years	
												Female	Male	Female	Male	Female	Male	Female	Male
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18	19	20
		Date			Date														
		DD	MM	YY	DD	MM	YY		First and middle name										
		Time			Time														
		AM		PM	AM		PM		Family name										

:GISTER

Type of care*	Ward/ Bed No.	Name and type of surgery		Post OP infection		Final diagnosis at discharge	ICD Code	Outcome (Code)*	If died			Cost exemption				Police case	
		Name	Type*	Yes	No				<48 Hrs	>48 Hrs	Immediate Cause / Underlying Cause	Full	Partial	Total cost exempted (NRs.)	Code*	Yes	No
21	22	23	24	25	26	27	28	29	30	31	32	33	34	35	36	37	38
	Ward			1	2				1	2	Immediate Cause	1	2			1	2
	Bed No.										Underlying Cause						

रजिष्टर भर्ने निर्देशिकाः

Discharge रजिष्टरको माथि रहेको Year लेखिएको स्थानमा जुन आ.व.का लागि यस रजिष्टरको प्रयोग गरिएको हो सो, आ.व.उल्लेख गर्नुहास् ।

Month लेखिएको स्थानमा जुन महिनामा यस रजिष्टरको प्रयोग गरिएको, हो सो महिना अक्षरमा उल्लेख गर्नुहोस् ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्र. सं.	प्रत्येक महिनामा क्र.सं. १ बाट सुरु गरी अर्को महिनाको १ गतेबाट पुनः १ बाट सुरु गर्नुपर्दछ ।
२	अन्तरङ्ग नं. (Inpatient No.)	यस महलमा Discharge भएको बिरामीको Patient Chart मा उल्लेख भएको Inpatient Number लेख्नुपर्दछ ।
३-५	Date and Time of Discharge	माथिल्लो कोठामा बिरामी Discharge भएको मिति सम्बन्धित महलमा गते, महिना, सालमा लेख्नुपर्दछ । तल्लो कोठामा बिरामी Discharge भएको समय लेख्नुपर्दछ । Discharge भएको समय AM र PM अनुसार लेख्नुपर्दछ ।
६-८	Date and time of Admission	बिरामी भर्ना भएको मिति लेख्नुपर्दछ । माथिल्लो कोठाको महल ६ मा गते, महल ७ मा महिना र महल ८ मा साल लेख्नुपर्दछ । तल्लो कोठामा बिरामी भर्ना भएको समय लेख्नुपर्दछ । भर्ना भएको समय AM र PM अनुसार लेख्नुपर्दछ ।

<table>
<tr><th>महल नं.</th><th>महल शीर्षक</th><th>निर्देशन</th></tr>
<tr><td>९</td><td>Length of Stay</td><td>यस महलमा बिरामी उपचारका लागि अस्पतालमा भर्ना भएको अवधिलाई दिनमा लेख्नुपर्दछ । दिन गणना गर्दा भर्ना भएकै दिनमा Discharge भएमा पनि एक दिन गणना गर्नुपर्दछ, भर्ना भएको भोलिपल्ट discharge भए पनि एक दिन गणना गर्नुपर्दछ र भर्ना भएको तेस्रो दिनमा discharge भएमा दुई दिन गणना गर्नुपर्दछ ।
उदाहरणः
<table>
<tr><td>भर्ना मिति</td><td>Discharge मिति</td><td>Length of stay</td></tr>
<tr><td>१२/३/२०८०</td><td>१२/३/२०८०</td><td>१ दिन</td></tr>
<tr><td>१२/३/२०८०</td><td>१३/३/२०८०</td><td>१ दिन</td></tr>
<tr><td>१२/३/२०८०</td><td>१४/३/२०८०</td><td>२ दिन</td></tr>
<tr><td>१२/३/२०८०</td><td>१७/३/२०८०</td><td>५ दिन</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>First, Middle and Family Name</td><td>माथिल्लो कोठामा बिरामीको पहिलो र बीचको नाम लेख्नुपर्दछ (जस्तैः रामबहादुर) । तल्लो कोठामा बिरामीको थर (जस्तै थापा) लेख्नुपर्दछ ।</td></tr>
<tr><td>११</td><td>Caste/ Ethnicity</td><td>सेवालिने व्यक्ति जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ (जस्तैः ०१, ०२,... ०६) । जातिगत समूह र कोड नम्बर रजिष्टरको अन्तिम पानामा दिइएको छ ।</td></tr>
<tr><td>१२</td><td>National ID No.</td><td>सेवा लिने व्यक्तिको राष्ट्रिय परिचयपत्र नं यस महलमा चढाउनु पर्दछ। राष्ट्रिय परिचयपत्र नभएको व्यक्तिको हकमा वा ५ वर्षमुनिका बालबालिकाहरूको हकमा यस महलमा ड्यास चिन्ह (—) लगाउनुपर्दछ ।</td></tr>
<tr><td>१३-२०</td><td>Age and Sex</td><td>यी महलहरूमा उमेर र व्यक्तिअनुसारको विवरण लेख्नुपर्दछ ।
बिरामी ८ दिन वा सोभन्दा मुनिकी शिशु बालिका भएमा महल १२ मा र शिशु बालक भएमा महल १३ मा निजको उमेर दिनमा उल्लेख गर्नुपर्दछ ।
बिरामी ९ दिन देखि २८ दिनको शिशु बालिका भएमा महल १४ मा र शिशु बालक भएमा महल १५ मा निजको उमेर दिनमा उल्लेख गर्नुपर्दछ ।
बिरामी २८ दिनभन्दा माथि र एक वर्षभन्दा मुनिकी बालिका भएमा महल १६ मा र बालक भएमा महल १७ मा निजको उमेर महिनामा उल्लेख गर्नुपर्दछ ।
बिरामी एक वर्षभन्दा माथिको महिला भएमा महल १८ मा र पुरुष भएमा महल १९ मा निजको उमेर वर्षमा उल्लेख गर्नुपर्दछ ।
यसरी दिन, महिना र वर्षमा उमेर खुलाउँदा एक महिनाभन्दा कम, एक वर्षभन्दा कम र एक वर्षभन्दा माथिका उमेर समूहका बिरामीहरूको सङ्ख्या निकाल्न, अस्पताल व्यवस्थापन गर्न र प्रतिवेदन तयार गर्न मद्दत पुग्दछ ।</td></tr>
<tr><td>२१</td><td>Type of Care</td><td>यस महलमा बिरामीले कुन सेवा लिएको हो Patient Chart मा उल्लेख भए अनुसार सेवाको किसिम उल्लेख गर्नुपर्दछ । जस्तैः General Medicine भए १, General Surgery भए २, Paediatrics भए ३, Obstetric भए ४, Gynecology भए ५, ENT भए ६, Orthopedics भए ७, Psychiatric भए ८, Dental भए ९ र Others भए १० लेख्नुपर्दछ। Others भए कुन सेवा हो ? खुलाउनुपर्दछ ।</td></tr>
<tr><td>२२</td><td>Ward/Bed Number</td><td>बिरामी कुन विकोठा (Ward) र कति नं. को शैयामा राखिएको थियो ? Patient Chart मा उल्लेख भएअनुसार यस महलको सम्बन्धित कोठा लेख्नु पर्दछ ।</td></tr>
<tr><td>२३-२४</td><td>Name and Type of Surgery</td><td>भर्ना भई शल्यक्रिया भएका बिरामीहरूको कस्तो प्रकारको शल्यक्रिया भएको हो ? Patient Chart को Operation Form मा उल्लेख भए अनुसार महल २२ मा लेख्नुपर्दछ ।</td></tr>
</table>

महल नं.	महल शीर्षक	निर्देशन
		शल्यक्रियाको प्रकारमा Major भए १, Intermediate भए २ र Minor भए ३ भनी महल २३ मा लेख्नुपर्दछ ।
२५-२६	Post-OP Infection	Patient Chart हेरी यदि बिरामीलाई शल्यक्रिया पश्चात् सङ्क्रमण भएको रहेछ भने उल्लेख गर्नुपर्दछ । यदि सङ्क्रमण भएको भए महल २४ को १ मा गोलो घेरा लगाउनुहोस् र यदि सङ्क्रमण नभएको भए महल २५ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
२७	Final Diagnosis at discharge	बिरामी Discharge हुँदा Patient Chart मा उल्लेख भएको अन्तिम निदान (Final diagnosis) यस महलमा लेख्नुपर्दछ ।
२८	ICD Code	यस महलमा Patient Chart माउल्लेख भएको Final Diagnosis को ICD Code book अनुसारको ब्रुजिअ Alpha Numeric Code (ICD ११ ले निर्देश गरे अनुसार) लेख्नुपर्दछ ।
२९	Outcome code*	यस महलमा Discharge भएको बिरामीको Discharge हुँदाको अवस्था उल्लेख गर्नुपर्दछ । यदि बिरामी Recovered/Cured भए १, Stable भए २, Referred भए ३, DOPR/LAMA भए ४, Absconded भए ५ र Death भए ६ लेख्नुपर्दछ ।
३०-३२	If Died	बिरामीको मृत्यु भएको भएभर्ना भएको कति समयपछि मृत्यु भएको हो र मृत्युको कारण Patient Chart मा उल्लेख भएअनुसार लेख्नुपर्दछ । यदि बिरामी भर्ना भएको ४८ घण्टाभित्र मृत्यु भएको भए महल २९ को १ मा र ४८ घण्टा भन्दा पछि मृत्यु भएको रहेछ भने महल ३० को २ मा गोलो घेरा लगाउनुहोस् । महल ३१ मा बिरामी मृत्यु हुनुको तत्कालिन (Immediate Cause) र अन्तर्निहित कारण Patient Chart मा उल्लेख भएअनुसार (Underlying Cause) सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।
३३-३६	Cost Exemption	महल ३२-३५ मा Discharge भएको बिरामीले पूर्ण वा आंशिक शुल्क छुट पाएको विवरण लेख्नुपर्दछ । यदि पूर्ण छुट पाएको भए महल ३२ को १ मा गोलो घेरा लगाउनुहोस्, आंशिक छुट पाएको भए महल ३३ को २ मा गोलो घेरा लगाउनुहोस् । पूर्ण वा आंशिक छुट पाएको रकम महल ३४ मा लेख्नुपर्दछ । रकम रुपैयाँमा लेख्नुपर्दछ । महल ३४ मा Discharge भएको बिरामी निःशुल्क सेवा प्राप्त गर्ने ६ समूहहरू मध्ये कुन समूहमा पर्दछ ? सो समूहको कोड लेख्नुपर्दछ । यदि अति गरिब (Destitute) भए १, गरीब (Poor) भए २, अपाङ्ग (Disabled) भए ३, ज्येष्ठ नागरिक >६० वर्ष (Senior Citizen) भए ४, म.स्वा.स्व.से. (FCHV) भए ५ र अन्य (Others) भए ६ लेख्नुपर्दछ। अन्य समूह (Others) भए कुन समूह हो खुलाउनुपर्दछ
३७-३८	Police Case	यस महलमा Discharge हुन आएको बिरामी police case भई आएको भए महल ३६ को १ मा गोलो घेरा लगाउनुहोस् र Police case होइन भने महल ३७ को २ मा गोलो घेरा लगाउनुपर्दछ । Police case सँग सम्बन्धित कागजातहरू कानुनी प्रक्रियाका लागि लामो समयसम्म सुरक्षित राख्नुपर्ने भएकोले Police case छुट्याउनका लागि यस महलले सहज बनाउँछ ।

HMIS ८.३: आकस्मिक सेवा रजिष्टर

(Emergency Service Register)

प्राथमिक स्वास्थ्य केन्द्र र अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा लिन आएका बिरामीहरूको अभिलेख राख्ने रजिष्टरलाई Emergency Service रजिष्टर भनिन्छ । स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा लिन आएका बिरामीहरूको अभिलेख राख्न यस रजिष्टरको आवश्यकता पर्दछ ।

रजिष्टरको नमुनाः

EMERGENCY SER

Date: (DD/MM/YY) DD | MM | YY

SN	Registration No	Date and Time of Registration	First, Middle and Family Name	Caste/ Ethnicity Code*	National ID No.	Age / Sex								Address	Name and Contact Number of Guardian
						0-7 days		8- 28 days		29days-11months		≥ 1 year		District Municipality, Ward Village/Tole	
						Days		Days		Months		Years			
						Female	Male	Female	Male	Female	Male	Female	Male		
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16
		Date: DD MM YY / Time: AM PM	First and Middle Name / Family name											District / Municipality, Ward / Village/Tole	Name / Contact number

VICE REGISTER

Source of Admission		Signs and Symptoms (Main Complaints on Admission)	Brought Dead	Investigations	Diagnosis	ICD Code	Treatment / Medicines prescribed	Observation		Date and Time of Discharge			Outcome (Code)*	If Died, cause of death		Cost Exemption				Gender Violence	Police Case	
Self	Referred in (Name of HF)							Yes	No					Immediate Cause / Underlying Cause		Full	Partial	Total Cost Exempted (NRs.)	Code*		Yes	No
17	18	19	20	21	22	23	24	25	26	27	28	29	30	31		32	33	34	35	36	37	38
1			1					1	2	Date: DD MM YY / Time: AM PM				Immediate Cause / Underlying Cause		1	2			1	1	2

रजिष्टर भर्ने निर्देशिकाः

आकस्मिक सेवा रजिष्टरको माथि मिति लेखिएको स्थानमा यो रजिष्टर प्रयोग गरिएको गते, महिना र साल उल्लेख गर्नुपर्दछ । हरेक दिनको मिति लेखेर मात्र सेवाको अभिलेख राख्नुपर्दछ । यदि एउटै पानामा एक दिनमा दिएको सेवाको अभिलेख राखेर पानामा खाली हरफहरू रहेको अवस्थामा एक हरफ खाली छाडी अर्को दिनको मिति सोही पानामा लेखि सो दिनमा दिएको सेवाको अभिलेख राख्नुपर्दछ । यसरी अभिलेख राख्नाले रजिष्टरको सही र पूर्ण सदुपयोग हुन्छ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	S.No.	प्रत्येक महिनामा क्र.सं. १बाट सुरु गरी अर्को महिनाको १ गतेबाट पुनः १बाट सुरु गर्नुपर्दछ ।
२	Registration Number	प्रत्येक आ. व.मा. Registration No. १बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ । नयाँ आ. व. को पहिलो दिन पुनः १बाट सुरु गर्नुपर्दछ । यो Registration number ले एक आ. व. मा आकस्मिक विभाग/कक्षमा कति जना बिरामीले सेवा प्राप्त गरे सोको सङ्ख्या जनाउँछ । आकस्मिक कोठामा दर्ता हुने बिरामीहरूसँग परिचय खुलाउने स्वास्थ्य सेवामा प्रयोग हुने कार्डहरू, जस्तैः Health Card बारे बिरामीसँग जानकारी माग्नु व्यवहारिक हुँदैन । त्यसकारण आकस्मिक कोठामा दर्ता हुने सबै बिरामीहरूलाई नयाँ Registration Number मा दर्ता गर्नुपर्दछ । यसमा बिरामीलाई नयाँ वा पुरानो भनी वर्गीकरण गर्नुपर्देन ।
३	Date and Time of Registration	माथिल्लो कोठामा बिरामी Admission भएको मिति सम्बन्धित महलमा गते, महिना, सालमा लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
		तल्लो कोठामा बिरामी Admission भएको समय लेख्नुपर्दछ। Admission भएको समय AM भए AM लेखिएको स्थानमा र PM भए PM लेखिएको स्थानमा लेख्नुपर्दछ ।
४	First, Middle and Family Name	महल ४ को माथिल्लो कोठामा बिरामीको पहिलो र बीचको नाम उल्लेख गर्नुपर्दछ (जस्तैः रामबहादुर) । तल्लो कोठामा बिरामीको थर उल्लेख गर्नुपर्दछ । (जस्तैः थापा)
५	Caste/Ethnicity Code*	सेवालिने व्यक्ति जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ (जस्तैः ०१, ०२,..... ०६) । जातिगत समूह र कोड नम्बर रजिष्टरको अन्तिम पानामा दिइएको छ ।
६	National ID No.	सेवा लिने व्यक्तिको राष्ट्रिय परिचयपत्र नं यस महलमा चढाउनु पर्दछ। राष्ट्रिय परिचय पत्र नभएको व्यक्तिको हकमा वा ५ वर्षमुनिका बालबालिकाहरूको हकमा यस महलमा ड्यास चिन्ह (—) लगाउनुपर्दछ । यी महलहरूमा उमेर र व्यक्ति अनुसारको विवरण लेख्नुपर्दछ ।
७-१४	Age and Sex	यी महलहरूमा उमेर र व्यक्ति अनुसारको विवरण लेख्नुपर्दछ । बिरामी ८ दिन वा सोभन्दा मुनिकी शिशु बालिका भएमा महल ६ मा र शिशु बालक भएमा महल ७ मा निजको उमेर दिनमा उल्लेख गर्नुपर्दछ । बिरामी ९ दिन देखि २८ दिनको शिशु बालिका भएमा महल ८ मा र शिशु बालक भएमा महल ९ मा निजको उमेर दिनमा उल्लेख गर्नुपर्दछ । बिरामी २८ दिनभन्दा माथि र एक वर्षभन्दा मुनिकी बालिका भएमा महल १० मा र बालक भएमा महल ११ मा निजको उमेर महिनामा उल्लेख गर्नुपर्दछ । बिरामी एक वर्षभन्दा माथिको महिला भएमा महल १२ मा र पुरुष भएमा महल १३ मा निजको उमेर वर्षमा उल्लेख गर्नुपर्दछ । यसरी दिन, महिना र वर्षमा उमेर खुलाउँदा एक महिनाभन्दा कम, एक वर्षभन्दा कम र एक वर्षभन्दा माथिका उमेर समूहका बिरामीहरूको सङ्ख्या निकाल्न, अस्पताल व्यवस्थापन गर्न र प्रतिवेदन तयार गर्न मद्दत पुग्दछ ।
१५	Address	आकस्मिक सेवा लिन आएको बिरामीको कुन जिल्ला, पालिका, वडा नं बीचको कोठामा र तल्लो कोठामा गाउँ र टोल लेख्नुपर्दछ ।
१६	Name and Contact Number of Guardian	आकस्मिक सेवा लिन आएको बिरामीका अभिभावकको नाम, थर र सम्पर्क टेलिफोन नम्बर लेख्नुपर्दछ । माथिल्लो कोठामा नाम थर र तल्लो कोठामा सम्पर्क नं. लेख्नुपर्दछ ।
१७-१८	Source of Admission	बिरामी आफैं वा अन्य स्वास्थ्य संस्थाबाट प्रेषण भई आएको हो, यस महलमा खुलाउनुपर्दछ । यदि बिरामी आफैं आएको भए महल १६ को १ मा गोलो घेरा लगाउनुहोस् । यदि बिरामी अन्य स्वास्थ्य संस्थाबाट प्रेषण भई आएको भए महल १७ मा प्रेषण गरी पठाउने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
१९	Signs and Symptoms (Main complaints on admission)	बिरामी आकस्मिक विभागकक्षमा आउँदाको अवस्थामा निजमा देखिएका लक्षण हरू र निजका मुख्य सिकायतहरू महल १८ मा उल्लेख गर्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
२०	Brought Dead	यदि स्वास्थ्य संस्थामा मृत अवस्थामा ल्याएको भए महल १८ को १ मा गोलो घेरा लगाउनुपर्दछ । अन्यथा यस महलको १ मा गोलो घेरा लगाउनुपर्दैन ।
२१	Investigation	यस महलमा बिरामीभर्ना हुन आउँदा चिकित्सकले लेखिदिएको आवश्यक पर्ने अनुसन्धान मूलक परीक्षणको विवरण, जस्तैः ल्याब, एक्सरे इत्यादि लेख्नुपर्दछ ।
२२	Diagnosis	बिरामी आकस्मिक विभाग/कक्षम भर्ना हुन आउँदा स्वास्थ्यकर्मी वा चिकित्सकले गरेको निदान (Diagnosis) यस महलमा लेख्नुपर्दछ ।
२३	ICD Code	यस महलमा स्वास्थ्यकर्मी वा चिकित्सकले गरेको निदान (Diagnosis) को ICD Code book अनुसारको Alpha Numeric Code लेख्नुपर्दछ । स्वास्थ्यकर्मी वा चिकित्सकले एकभन्दा बढी diagnosis गरेको भएमा ती मध्ये Main diagnosis (Leading cause) को मात्र ICD code लेख्नुपर्दछ । उदाहरणः यदि *diagnosis* मा *Enteric Fever, diarrhea* र *Hypertension* उल्लेखभएको छ । यस बिरामीको *main diagnosis Enteric Fever* हो । यस अवस्थामा *Enteric Fever* को *ICD code A०१* यस महलमा लेख्नुपर्दछ ।
२४	Treatment/Medicine Prescribed	बिरामीलाई गरिएको उपचार र दिइएको औषधीको विवरण यस महलमा लेख्नुपर्दछ ।
२५-२६	Observation	आकस्मिक विभाग/कक्षमा भर्ना भएको बिरामीलाई observation मा राखिएको भए महल २४ को १ मा गोलो घेरा लगाउनु पर्दछ । यदि observation मा नराखिएको भए महल २५ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
२७-२९	Date and time of Discharge	माथिल्लो कोठामा बिरामी Discharge भएको मिति लेख्नुपर्दछ । महल २६ मा गते, महल २७ मा महिना र महल २८ मा साल लेख्नुपर्दछ ।
		तल्लो कोठामा बिरामी Discharge भएको समय लेख्नुपर्दछ । Discharge भएको समय AM र PM अनुसार लेख्नुपर्दछ ।
३०	Outcome code*	यस महलमा Discharge भएको बिरामीको Discharge हुँदाको अवस्था उल्लेख गर्नुपर्दछ । यदि बिरामी Recovered भए १, Stable भए २, Referred भए ३, DOR/LAMA/DAMA भए ४, Absconded भए ५, अन्तरङ्ग विभागमा Admitted भए ६ र Death भए ७ लेख्नुपर्दछ ।
३१	If Died, Cause of Death (Immediate Cause/ Underlying Cause)	यदि उपचारको क्रममा बिरामीको मृत्यु भएको भए बिरामी मृत्यु हुनुको तत्कालिन (Immediate Cause) र अन्तर्निहित कारण (Underlying Cause) सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।
३२-३५	Cost Exemption	Discharge भएको बिरामीले पूर्ण वा आंशिक शुल्क छुट पाएको विवरण लेख्नुपर्दछ । यदि पूर्ण छुट पाएको भएमहल ३२ को कोड १ मा र आंशिक छुट पाएको भएमहल ३३ को कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । पूर्ण वा आंशिक छुट पाएको रकम महल ३४ मा लेख्नुपर्दछ । रकम रुपैयाँमा लेख्नुपर्दछ । महल ३५ मा Discharge भएको बिरामी निशुल्क सेवा प्राप्त गर्ने ६ समूहहरूमध्ये कुन समूहमा पर्दछ ? सो समूहको कोड लेख्नुपर्दछ । यदि अति गरिब (Destitute) भए १, गरीब (Poor) भए २, अपांग (Disabled) भए ३, ज्येष्ठ नागरिक >६० वर्ष (Senior Citizen) भए ४, म.स्वा.स्व.से. (FCHV) भए ५ र अन्य (Others) भए ६ लेख्नुपर्दछ । अन्य (Others) भए कुन समूह हो खुलाउनुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
३६	Gender Violence	यदि लैगिक हिंसा सम्बन्धी case भएमा १ मा गोलो घेरा लगाउने
३७-३८	Police Case	यस महलमा Discharge भएको बिरामी police case भई आएको भए महल ३७ को १ मा गोलो घेरा लगाउनुहोस् र police case होइन भने महल ३८ को २ मा गोलो घेरा लगाउनुपर्दछ । Police case सँग सम्बन्धित कागजातहरू कानुनी प्रक्रियाका लागि लामो समयसम्म सुरक्षित राखुपर्ने भएकोले police case छुट्याउनका लागि यस महलले सहज बनाउँछ ।

HMIS ८.४ Special Newborn Care Unit/ Neonatal Intensive Care Unit/ Kangaroo Mother Care Unit Register

Special Newborn Care Unit/ Neonatal Intensive Care Unit/ Kangaroo Mother Care Unit मा भर्ना भएका नवजात शिशुहरुमा देखिएका समस्या र जटिलताहरूको पहिचान गरेर शिशुहरूको स्वास्थ्यका लागि उचित सल्लाह तथा सेवाहरू दिइएका छन् कि छैनन् भनी यकिन गर्न अभिलेख यस रजिष्टरमा राखिन्छ । नवजात शिशुहरुमा देखिने जटिलता र समस्याहरु, SNCU/NICU मा सेवाप्रदान गरेको अभिलेख यस रजिष्टरमा राखिन्छ ।

नोटः नवजात शिशु ९२८ दिनभन्दा मुनीका शिशुहरू Special Newborn Care Unit (SNCU)/Neonatal Intensive Care Unit (NICU) मा भर्ना भएको खण्डमा यस रजिष्टरको प्रयोग गरेर शिशुमा देखिएका समस्या र जटिलताहरूको अध्ययन गरी शिशुलाई उच्च गुणस्तरीय सेवा प्रवाहबारे यस रजिस्ट्रारमा विवरण उल्लेख गरिने छ । यस रजिष्टरसंगै उल्लेख गरिएको निर्देशन र Instructions for filling register को सहायताले यस रजिष्टर भर्न सकिन्छ ।

रजिष्टरको नमुनाः

SNCU/NICU/KM

Month..... Fiscal Year.....

SN	Date and Time of Admission	Inpatient No.		Bed No	Referred from	Neonates		Mother Details				Delivery Details				Newborn Details				Complications		
		First Visit	Repeat Visit			Age(In days)	Sex	Name & Contact No	Age(In years)	Address of Mother	Ethnicity Code	Date & Time	Place of Delivery	Mode of Delivery	Delivery conducted by*	Gestational Age at birth in weeks	Weight of baby in grams	Apgar Score	OFC & Fetal Crown Length	Birth Asphyxia	Newborn complications at time of birth	Complications to mother at
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18	19	20	21	22	23
	Date DD MM YY / Time AM PM				Within Hospital a; OPD i; Delivery Ward ii; Emergency iii; Other Hospital b			NAME; CONTACT NO		WARD; PALIKA; DISTRICT		DD/MM/YY; TIME					AT BIRTH; AT ADMISSION; AT DISCHARGE	AT 1 MINUTE; AT 5 MINUTE	Occipito-Frontal Circumference (OFC); Fetal Crown Length	1. Yes 2.NO	Asphyxia 1; Respiratory Distress 2; Prematurity 3; Low Birth Weight 4; Meconium Aspiration Syndrome 5; IUGR 6; Hypothermia 7; Hypoglycemia 8; Rh Incompatibility 9; Shoulder Dystocia 10; Sepsis 11; Others 12; No complications 13	Gestational Hypertension/ Eclampsia/Pre-Eclampsia 1; Gestational Diabetes Mellitus 2; Antepartum Hemorrhage 3; Post Partum Hemorrhage 4; Chorioamnionitis 5; Sepsis 6; Severe Anaemia 7; Maternal Heart Disease 8; Hypothyroidism 9

NCU REGISTER

Month.....

time of delivery	Major Congenital Anomaly	Cause of Admission	Management	Discharge Details: Date	Discharge Details: Outcome of baby at Discharge	Discharge Details: Duration of stay in the hospital	Referred to	Newborn Care Package Provided	Remarks
	24	25	26	27	28	29	30	31	32
Hyperthyroidism 10; Others 11; No complications 12	Neural Tube Defect 1; Oro-facial Cleft: Cleft lip/palate 2; Talipes Equinovarus- Club Foot 3; Limb Reduction Defect 4; Hypospadias 5; Omphalocele/Exomphalos 6; Gastroschisis 7; Imperforate Anus 8; Minor Defect (Specify.....) 9; Other Defect (Specify) 10; No Anomaly detected 11	Low Birth Weight 1; IUGR 2; Prematurity/Pre term 3; Hypoglycemia 4; Hypothermia 5; Hyperbilirubinemia 6; Neonatal Sepsis 7; Premature Rupture of Membrane 8; Respiratory Distress 9; Birth Asphyxia (Peri/Neonatal) 10; Congential Heart Disease 11; Congential Anomaly 12; Meconium Aspiration Syndrome 13; Necrotising Enterolitis 14; Pustulosis 15; Vitamin K Deficiency Bleeding 16; Aspiration 17; Seizure 18; Neonatal AKI 19; Others 20	Alternative Feedingif baby unable to breatfeed (Nasogastric/ Cup Feeding) 1; KMC (Partial or Continous) 2; Safe Administration of Oxygen 3; Injectable Antibiotics for Neontal Sepsis as per protocol 4; Management of shock 5; Intravenous fluid 6; Hypoglcemia Management 7; Effective Phototherapy 8; Seizure Management 9; Continous Positive airway pressure 10; Mechanical/Assisted Ventilation 11; Exchange Transfusion/ Partial transfusion 12; Retinopathy of prematurity screening 13; Hypothermia Management 14; Blood Transfusion 15; Management of Pneumothrox/Chest Tube/Needle Puncture 16; Others 17	DD/MM/YYYY					

रजिष्टर भर्नेतरिका

Special Newborn Care Unit /Neonatal Intensive Care Unit मा भर्ना भएका शिशुहरुको लागि

महल नं.	महलशीर्षक		निर्देशन
१	SN	SN	सि.नं. प्रत्येक महिनाको १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
२	Date& Time of Admission	Date	सेवाग्राही दर्ता भएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ । DD/MM/YYYY
		Time	सेवाग्राही दर्ता भएको समय AM or PM को सम्बन्धित महलमा लेख्नुपर्दछ ।
३, ४	Inpatient No	First Visit	प्रथम पटक जाँच गर्न SNCU/NICU मा भर्ना भएका नवजात शिशुहरूको Inpatient No उल्लेख गर्नुपर्दछ।

महल नं.	महलशीर्षक		निर्देशन
		Repeated Visit	SNCU NICU मा दोहोर्याएर जाँच गर्न आउनेले नवजात शिशुहरूको Inpatient No उल्लेख गर्नुपर्दछ।
५	Bed No		यस महलमा विरामी शिशुको Bed No लेख्नुपर्दछ ।
६	Referred from	Within Hospital or Other Hospital	यस महलमा नवजात शिशुलाई प्रेषण गरिएको संस्थालाई गोलो लगाउनु पर्दछ । सोही अस्पतालबाट प्रेषण गरेको खण्डमा ओ.पि.डी., डेलिवरि वार्ड र इर्मजेन्सी मध्ये कुनै एकमा गोलो लगाउनुहोस । OPD, Delivery Ward, Emergency: अन्य अस्पतालबाट गरिएको खण्डमा अन्यमा लगाउनु पर्दछ ।
७,८	Neonates Information	Age in Days	महलको यस कोठामा बिरामी शिशुको पूरा भएको उमेर दिनमा लेख्नुपर्दछ ।
		Sex	यस महलमा विरामी शिशु पुरुष, महिला खुलाएर लेख्नुपर्दछ ।
९-१२	Mother Details	Name	यस महलमा बिरामी शिशुको आमाको नाम लेख्नुपर्दछ ।
		Contact No	यस महलमा विरामी शिशुको आमाको सम्पर्क नम्बर लेख्नु पर्दछ ।
		Age in years	यस महलमा बिरामी शिशुको आमाको उमेर लेख्नुपर्दछ ।
		Address	यस महलमा बिरामी शिशुको आमाको ठेगाना लेख्नुपर्दछ । Ward; वडा नं Municipality; गाउँ/नगरपालिका, District; जिल्लाको नाम
		Caste/Ethnicity	यस महलमा बिरामी शिशुको आमाको जातको कोड लेख्नुपर्दछ । सो कोड Register को तल उल्लेख गरिएको छ । Ethnicity Code: १. Dalit, २ Janajati, ३ Madhesi, ४ Muslim, ५ Brahmin/Chhetri, ६ Others
१३-१६	Delivery Details	Date	यस महलमा प्रसूति भएको मिति लेख्नुपर्दछ ।
		Time	यस महलमा प्रसूति भएको समय लेख्नुपर्दछ ।
		Place of Delivery	यहाँ प्रसूति भएको ठाउँको कोड लेख्नुपर्दछ । सो कोड Register को तल उल्लेख गरिएको छ । Code:१-Institutional स्वास्थ्य संस्थामा सुत्केरी भएको खण्डमा, २-Home घरमा सुत्केरी भएको खण्डमा, ३- Others (On the way or–) स्वास्थ्य संस्था जाने क्रममा र अन्य ठाउँमा
		Mode of Delivery	यस कोठामा उल्लेखित प्रसूति विधिको कोड लेख्नुपर्दछ । Code: १-SVD (Spontaneous Vaginal Delivery), २-Instrumental, ३-C-section

महल नं.	महलशीर्षक		निर्देशन
		Delivery conducted by	यस महलमा प्रसूति गराउने स्वास्थ्यकर्मीको प्रकारको कोड लेख्नुपर्दछ । Code १- SBA: SBA तालिम प्राप्त प्रसूति कर्मीले प्रसूति गराइएको खण्डमा Code २- SHP:Skilled Health Professional- Doctors, Nurses, Gynae ले प्रसूति गराइएको खण्डमा Code ३- Others:अन्य स्वास्थ्यकर्मीको सहायताबाट सो कोड Register को तलउल्लेख गरिएको छ ।
१७-२०	Newborn Details	Gestational age at birth in weeks	नवजात शिशुको Gestational age at birth लाई हप्तामा लेख्नुपर्छ ।
		Weight of baby in grams	यस महलमा बच्चाको तौल (ग्राममा) लेख्नुपर्दछ । At birth: जन्मतौल (ग्राममा) At the time of Admission: बच्चाको तौल admission मा At the time of Discharge: बच्चाको तौल discharge मा
		Apgar Score	यस महलमा बच्चाको Apgar Score लेख्नुपर्दछ । At १ Minute & At ५ Minute
		OFC & Fetal Crown Length	यस कोठामा शिशुको OFC/ Fetal Crown Length लेख्नुपदर्छ । OFC Fetal Crown Length
२१	Complication	Birth Asphyxia (Peri/Neonatal)	नवजात शिशुले श्वास नफेरेको खण्डमा Yes नवजात शिशुले श्वास फेरेको खण्डमा No लेख्नुपर्दछ ।
		Newborn complications at time of birth	प्रसूति को समयमा नवजात शिशुमा देखिएको तल उल्लेखित जटिलताहरुमा गोलो लगाउनु पर्छ । *(Listed Complications: Asphyxia, Respiratory Distress, Prematurity, Low Birth Weight, Meconium Aspiration Syndrome, IUGR, Hypothermia, Hypoglecemia, Rh Incompatibility, Shoulder Dystocia, Sepsis, Others, No Complications)*
		Complications of mother at the time of delivery	प्रसूति को समयमा आमामा देखिएको तल उल्लेखित जटिलताहरुमा गोलो लगाउनु पर्छ । *(Listed Complications: Gestational Hypertension/Eclampsia/Pre-Eclampsia, Gestational Diabetes Mellitus, Antepartum Hemorrhage, Post Partum Hemorrhage, Choriaminoitis, Sepsis, Severe Anaemia, Maternal Heart Disease, Hypo/Hyperthyroidism, Others, No Complications)*

महल नं.	महलशीर्षक		निर्देशन
२२	Major Congential Anomaly		यस महलमा तल उल्लेखित congential anomalies मा गोलो लगाउनु पर्छ । *(Major CongentialAnamoly: Neural Tube Defect, Oro-facial clefts: Cleft lip/palate, Talipes Equinovirus Clubfoot, Limb Reduction Defects, Hypospadias, Exomphalos/Omphalocele, Gastroschisis, Imperforate anus, minor defects, other defects, No Anomoly detected)*
२३	Cause of Admission		यस महलमा नवजात शिशुको SNCU/NICU भर्ना हुनुको कारण लेख्नुपर्दछ । *(Cause of Admission: Low Birth Weight, IUGR, Prematurity/Pre-term, Hypoglycemia, Hypothermia, Hyperbilirubinemia, Neonatal Sepsis, Premature Rupture of Membrane, Respiratory Distress, Perinatal Asphyxia, Congential Heart Disease,Congential Anomaly, Meconium Aspiration Syndrome, NecrotisingEnterolitis, Pustulisis, Vitamin K Deficiency Bleeding, Aspiration,Seizure, Others)*
२४	Investigation & Management		नवजात शिशुको जटिलता व्यवस्थापनको लागि गरिएका उल्लेखित विधिहरूमा गोलो लगाउनु पर्छ । *(Investigation & Management: Alternative feeding, KMC, Safe administration of oxygen, Injectable Antibiotics for Neonatal Sepsis, Management of shock, Intravenous fluid, Management of Hypoglycemia, Effective Phototherpay, Seizure Management, Continuous positive airway pressure, Mechanical/assisted Ventilation, Exchange/Partial Transfusion, Retinopathy of prematurity, Hypothermia Management, Blood Transfusion, Management of Pnuemothorax/Chest Tube/Needle Puncture, Others)*
२५-२६	Discharge Details	Date of Discharge	यस महलमा नवजात शिशुलाई Discharge SNCU/NICU गरेको मिति लेख्नु पर्दछ ।
		Outcome of baby at the time of discharge	Discharge समयको शिशुको अवस्थाको कोड लेख्नुपर्दछ । सो कोड Register को तल उल्लेख गरिएको छ । Code १- Improved:अवस्थामा सुधार आएमा, २- Referred प्रेषण गरेको खण्डमा, ३- Died: शिशुको मृत्यु भएको खण्डमा, ४- LAMA/Absconded
२७	Duration of stay in the hospital	Length of stay in hospital	नवजात शिशुको उपचारका लागि लागेको समय दिनमा लेख्नु पर्दछ ।
२८	Referred to		नवजात शिशुको अवस्थालाई हेरेर प्रेषण गर्न परेमा यहाँ लेख्नु पर्दछ ।

महल नं.	महलशीर्षक	निर्देशन
२९	Newborn Care Package Provided	यस महलमा नवजात शिशु उपचार र व्यवस्थापनको लागि गरिएको नवजात शिशु स्याहार प्याकेजको कोड लेख्नुपर्दछ । सो कोड Register को तल उल्लेख गरिएको छ । Code १- Package A, २- Package B, ३- Package A+B, ४- Package A+B+C
३०	Remarks	थप जानकारी भए यस महलमा उल्लेख गर्नुपर्दछ ।

जातजाती अनुसार SNCU/NICU सेवा पाएका सेवाग्राहीको समायोजन फाराम

हरेक महिना मासिक प्रतिवेदन तयार गर्दा यस रजिष्टरको अन्तमा राखिएको जातजातिगत विवरण समेत अद्यावधिक गर्नुपर्दछ । जातजातिगत विवरण तयार गर्दा २८ दिनभन्दा मुनीका शिशुहरू दर्ता भएका सबै विरामी बच्चाको संख्या लिंग समेत खुल्ने गरी समायोजन गर्नुपर्दछ ।

अभ्यास

नवलपरासी (सुस्तापूर्व) जिल्ला देवचुली नगरपालिका, वार्ड नं. ९ सीता सुनुवारले दुम्कौली प्राथामिक उपचार केन्द्रमा मिति फाल्गुण ५ गतेका दिन एस.बि.ए (SBA) तालिम प्राप्त स्वास्थ्यकर्मीको सहायताबाट Spontaneous Vaginal डेलिभरी भई एक शिशु (बालक) २.३ के.जी. जन्म दिइन । जन्मनासाथ शिशु र आमाको स्वास्थ्य अवस्था सामान्य थियो । र दुई दिनपछि शिशुमा Neonatal Sepsis का लक्षणहरू देखिए । अब शिशुलाई Neonatal Intensive Care Unit / Special New Born Care Unit-Narayani Samudhahik Hospital द्वारा शिशुको समस्या जटिलता व्यवस्थापनका लागि दिएका स्वास्थ्य सेवा सहितको विवरण रजिष्टरमा लेख्नु पर्दछ ।

HMIS ८.५: अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र रजिष्टर (One-Stop Crisis ManagementCenter- OCMC)

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका प्रमुखले दैनिक रूपमा प्रत्येक घटनाका सेवाग्राहीले एक चरणको सेवा लिएपछि सोको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

रजिष्टर भर्ने तरिकाः

महल नं	महल शीर्षक	भर्ने तरिका
सूचनाहरू		
१	क्र.सं.	प्रत्येक महिना सेवा लिन आएका सेवाग्राहीसँगको क्रम सङ्ख्या १बाट सुरू गर्नुहोस ।
२	घटना दर्ता गरेको मिति	घटना दर्ता गरेको मितिको नेपाली पात्रो अनुसार साल, महिना र गते उल्लेख गर्नुहोस ।
३	पीडित प्रभावितको सङ्केत	पिडित वा प्रभावितको नाम थरको सट्टामा संकेत यस महलमा लेख्नु पर्दछ । साथै संकेत लेख्दा अस्पतालको नामको सुरुको दुई अक्षर, सत्रको दुई अक्षर र क्र स नम्बर राख्नु पर्दछ जस्तै — पाटन अस्पतालमा २०७८ सालको क्र स २ मा आएको पिडित वा प्रभावितको संकेत लेख्दा 'PH७८०२' लेख्नु पर्छ।
४	उमेर (पुरा भएको बर्ष)	यस महलमा सेवाग्राहीको पूरा भएको उमेर वर्षमा लेख्नुहोस् ।
५	लिङ्ग (१ महिला, २ पुरुष, ३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक)	यस महलमा सेवाग्राहीको लिङ्ग महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भए तल उल्लेख गरिएको कोड नम्बर लेख्नुहोस् । १ महिला २ पुरुष ३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
६	जातजाति समूहः	सेवाग्राहीको जुन जाति समूहमा पर्नुहुन्छ त्यही समूह यकिन गरी तल उल्लेख गरिएको जाति समूहको कोड यस महलमा लेख्नुहोस् । ०१—दलित ०२—जनजाति ०३—मधेशी ०४—मुस्लिम ०५—ब्राह्मण/क्षेत्री ०६—अन्य
७	ठेगानाः (गाउँपालिका/ नगरपालिका, जिल्ला)	पीडितको स्थाइ बसोबास रहेको गाउँपालिका नगरपालिका महानगरपालिका वडा न र जिल्ला उल्लेख गर्नुहोस् ।
८	अपाङ्गता भएको भए,	यस महलमा पिडित वा प्रभावितमा कुनै पनि अपांगता भए अपांगताको प्रकारको कोड भर्नु पर्दछ, (नोटः एक भन्दा बढी उत्तर आउन सक्छ)। जस्तै, ०. कुनै पनि अपाङ्गता नभएको १ शारीरिक अपाङ्गताा २. दृष्टिसम्बन्धी अपाङ्गता

		३. सुनाइसम्बन्धी अपाङ्गता ४. स्वर र बोलाई सम्बन्धी अपाङ्गता ५ मानसिक/बौद्धिक अपाङ्गता
९	हिंसाको प्रकारः	हिंसा भए त्यही समूह यकिन गरी तल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् । (नोटः एक भन्दा बढी उत्तर आउन सक्छ) (१) वलात्कार (२) यौनजन्य दुर्व्यबहार ३) शारीरिक दुर्व्यबहार (४) बालविवाह र जबरजस्ती विवाह (५) स्रोतसाधन र अधिकारबाट बञ्चित (६) मानसिक दुर्व्यबहार (७) परम्परागत रुढीवादी परम्पराका आधकारमा भेदभाव
१०	घटनाको पृष्ठभूमि	घटनाको पृष्ठभूमि यकिन गरी तल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् । १. बहुविवाह २. दाइजो ३. बोक्सीको आरोप ४. घरेलुहिंसा ५.छाउपडी ६. मानव बेचविखन ७. सामाजिक भेदभाव ८. बालश्रम
११	पहिलो भ्रमण वा फलोअप	दर्ता गर्दा प्रत्येक आ.व. मा नयाँ दर्ता नम्बर दिई सुरु गर्नुपर्दछ । एउटा रोग लागेर उपचार गराउन आएको बिरामी सोही रोगको उपचारका लागि दोहो¥याई आएफलोअप लेख्नुपर्दछ ।
हिंसापीडित वा प्रभावितले प्राप्त गरेका स्वास्थ्य सेवाहरू		
१२	शरीरिक परीक्षण	शरीरिक परीक्षण भएको भए "०१ भएको" र नभएको भए " ०२ नभएको" कोड उल्लेख गर्नुहोस् ।
१३	विधि विज्ञान तथा चिकित्साजन्य कानूनी परीक्षण	विधि विज्ञान तथा चिकित्साजन्य कानूनी परीक्षण गरेको भए " ०१ भएको" र नगरेको भए " ०२ नभएको" कोड उल्लेख गर्नुहोस् ।
१४	एच.आइ.भी परीक्षण तथा परामर्स सेवा	एच.आइ.भी परीक्षण तथा परामर्स सेवा लिएको भए " ०१ लिएको" र नलिएको भए " नलिएको" कोड उल्लेख गर्नुहोस् ।
१५	गर्भ परीक्षण	गर्भ परीक्षण गरेको भए "०१ गरेको" नगरेको भए "०२ नगरेको" र आवाश्यक नभए "०३ आवाश्यक नभएको" कोड उल्लेख गर्नुहोस् ।
१६	घाउ चोटपटकको उपचार	घाउ चोटपटकको उपचार भएको भए "०१ भएको" र नभएको भए " ०२ नभएको" र आवाश्यक नभए "०३ आवश्यक नभएको" कोड उल्लेख गर्नुहोस् ।
१७	आकस्मिक गर्भ निरोधक सेवा	आकस्मिक गर्भ निरोधक सेवालिएको भए " ०१ लिएको" र नलिएको भए " नलिएको" " र आवाश्यक नभए "०३ आवाश्यक नभएको" कोड उल्लेख गर्नुहोस् ।
१८	यौन रोगको उपचार	यौन रोगको उपचार गरेको भए "०१ गरेको" नगरेको भए "०२ नगरेको" र आवाश्यक नभए "०३ आवाश्यक नभएको" कोड उल्लेख गर्नुहोस् ।
१९	सुरक्षित गर्भपतन सेवा	सुरक्षित गर्भपतन सेवा लिएको भए " ०१ लिएको" र नलिएको भए " नलिएको" " र आवाश्यक नभए "०३ आवाश्यक नभएको" कोड उल्लेख गर्नुहोस् ।

२०	मानसिक रोगको उपचार	मानसिक रोगको उपचार गरेको भए "०१ गरेको" नगरेको भए "०२ नगरेको" र आवश्यक नभए "०३ आवाश्यक नभएको" कोड उल्लेख गर्नुहोस् ।
२१	मनोसामाजिक परामर्श सेवा	मनोसामाजिक परामर्श सेवा लिएको भए " ०१ लिएको" र नलिएको भए "०२ नलिएको" कोड उल्लेख गर्नुहोस् ।
२२	अन्य उपचार सेवा	अन्य उपचार सेवा लिएको भए " ०१ लिएको" र नलिएको भए "०२ नलिएको" तथा आवस्यक नभएको भए "०३ आवस्यक नभएको" उल्लेख गर्नुहोस् ।

प्रेषण सेवा		
२३	पीडित वा प्रभावितहरूलाई प्रेषण	पीडित वा प्रभावितहरूलाई यहाँ आउन प्रेषण गर्ने यकिन गरी तल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् । १. आफैं २. नातेदार ३.आवासगृह ४. प्रहरी ५. गैरसरकारी संस्था ६. स्वास्थ्य संस्था ७. स्थानीय तह
२४	पीडित वा प्रभावितलाई प्रेषण गरिएको	पीडित वा प्रभावितलाई प्रेषण गरिएको यकिन गरी तल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् । १. आवासगृह २. पुनर्स्थापना केन्द्र ३. प्रहरी ४. वकिल ५. अन्य सुविधा सम्पन्न अस्पताल ६. अन्य (खुलाउने)
पीडितको अवस्था		
२५	पीडितको हालको स्वास्थ्य अवस्था	पीडितको हालको स्वास्थ्य अवस्था सुधार भए "०१ सुधार भएको", उपचाररत रहे "०२ उपचाररत रहेका" र मृत्यु भए "०३ मृत्यु भएका" उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् ।
२६	उपचाररत रहेको भए	पीडित उपचाररत रहेको भए प्रजनन सम्बन्धी भए "०१ प्रजनन स्वास्थ्य समस्या" मानसिक सम्बन्धी भए "२ मानसिक स्वास्थ्य समस्या भएका" र अन्य भए—खुलाउने ।
पीडकसम्बन्धी जानकारी		
२७	उमेर (पुरा भएको बर्ष)	पीडकको पुरा भएको बर्षमा उल्लेख यस महलमा लेख्नुहोस् ।
२८	लिङ्ग	यस महलमा पीडकको लिङ्ग महिला, पुरुष, र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भए तल उल्लेख गरिएको कोड नम्बर लेख्नुहोस् । १ महिला ‖ २ पुरुष ‖ ३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
२९	पीडितसँगको नाता	पीडक पिडितको आफ्नै परिवार/नातागोता भित्रको हो वा सो भन्दा बाहिरको हो, सोहीअनुसार उपयुक्त महलमा कोड उल्लेख गर्नुपर्दछ।

HMIS ८.६: सामाजिक सेवा इकाई रजिष्टर
(Social Service Unit-SSU)

रजिष्टर भर्ने तरिकाः

महल नं	महल शीर्षक	भर्ने तरिका
१	मिति	दर्ता गरेको मितिको नेपाली पात्रो अनुसार साल, महिना र गते उल्लेख गर्नुहोस ।
२	क्र.सं.	प्रत्येक महिना सेवा लिन आएका सेवाग्राहीसँगको क्रम सङ्ख्या १बाट सुरू गर्नुहोस ।
३	दर्ता नं.	एक आ. व. का लागि १बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ र अर्को आ. व. सुरु भएपछि पुनः १बाट सुरु गर्नुपर्दछ । दर्ता नम्बरले सामाजिक सेवा एकाईबाट सेवा लिने सेवाग्राहीको अभिलेखन हुन्छ र भविष्यमा सेवाग्राहीलाई पहिचान गरी पहिल्याउन सकिन्छ ।
४	नाम थर	यस महलको सेवाग्राहीको नाम र थर लेख्नुहोस।
५	उमेर (पुरा भएको बर्ष)	यस महलमा सेवाग्राहीको पूरा भएको उमेर वर्षमा लेख्नुहोस् ।
	लिङ्ग (१ महिला, २ पुरुष, ३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक)	यस महलमा सेवाग्राहीको लिङ्ग महिला, पुरुष, र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भए तल उल्लेख गरिएको कोड नम्बर लेख्नुहोस् । १ महिला २ पुरुष ३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
६	जातजाति समूहः	सेवाग्राहीको जुन जाति समूहमा पर्नुहुन्छ त्यही समूह यकिन गरी तल उल्लेख गरिएको जाति समूहको कोड यस महलमा लेख्नुहोस् । ०१—दलित ०२—जनजाति ०३—मधेशी ०४—मुस्लिम ०५—ब्राह्मण/क्षेत्री ०६—अन्य
७	नयाँ वा पुरानो, (१. नयाँ, २. पुरानो)	कुनै व्यक्ति प्रथम पटक सेवा लिन आउँदा सो व्यक्तिलाई नयाँ दर्ता नम्बर प्रदान गर्नुपर्दछ । एक पटक दर्ता भएको सेवाग्राही एक आर्थिक वर्षभित्र जुनसुकै सेवा जति पटक लिन आए तापनि नयाँ दर्ता नं. दिनु हुँदैन ।
८	ठेगानाः (गाउँपालिका/नगरपालिका, जिल्ला)	पीडितको स्थाइ बसोबास रहेको गाउँपालिका नगरपालिका महानगरपालिका वडा न र जिल्ला उल्लेख गर्नुहोस् ।
९	लक्षित समूह	लक्षित समूह यकिन गरी तल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् । १. गरिव २. असहाय ३.अपाङ्गता भएका व्यक्ति ४. लैङ्गिक हिंसा पीडित ५. ज्येष्ठ नागरिक

		६. गरिब/विपन्न आकस्मिक विरामी ७. विपद्/प्राकृतिक प्रकोप पीडित ८. अन्य (खुलाउने)		
१०	आधिकारिक परिचयपत्र अथवा सिफारिसपत्र छ वा छैन	आधिकारिक परिचयपत्र अथवा सिफारिसपत्र यकिन गरीभएको भए "०१ छ " र नभएको भए "०२ छैन" कोड उल्लेख गर्नुहोस् ।		
११	प्रेषण भइ आएको सिफारिस	प्रेषण भइ आएको सिफारिस आधिकारिक परिचयपत्र अथवा सिफारिसपत्र यकिन गरी भएको भए "०१ हो" र नभएको भए "०२ होइन" कोड उल्लेख गर्नुहोस् ।		
१२	विभाग	उपचार को क्रममा कुन विभागीय सेवा लियको हो यकिन गरीतल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् ।		
		१.आकस्मिक	२. वहिरङ्ग	३. अन्तरङ्ग
१३	स्वास्थ सेवाको पुरा खर्च (रू. मा) (छुट भएको रकम समेत समावेश गर्ने)	औषधी	सेवाग्राहीलाई औषधीको लागि उपलब्ध गराएको औषधीको रकम उल्लेख गर्ने ।	
		परीक्षण	सवै परिक्षणहरूको रकम जोडेर लेख्ने	
			यदि परिक्षणमा खर्च भएको भए, कुन कुन परीक्षण गरिएको थियो यकिन गरी तल उल्लेख गरिएको कोड यस महलमा लेख्नुहोस् । एक भन्दा बढी उत्तर आउन सक्छ १. ECG, २. ECHO, ३. EEG, ४. Audio, ५. Endoscopy, ६. Colonoscopy, ७. USG, ८. Nebulizer, ९. X-ray,Blood १०. Dental, ११. ARV, १२. Oxygen, १३. Physio, १४. Plaster, १५. Dental, १६. ICU, १७. General, १८- Others (Specify)	
		अपरेसन खर्च		
		अस्पताल वेड खर्च		
		अस्पतालमा रहँदाको खाना खर्च		
		अन्य खर्च (खुलाउने)		
		जम्मा खर्च		
१४	उपलब्ध गराइएको छुट रकम(रू. मा)	छुट भएको रकम उल्लेख गर्ने औषधीः सेवाग्राहीलाई औषधीको लागि छुट दिएको रकम उल्लेख गर्ने । परीक्षण अपरेसन अस्पताल वेड यातायातः सेवाग्राहीलाई उपलब्ध गराईएको यातायात छुट दिएको रकम उल्लेख गर्ने । अस्पतालमा रहँदाको खाना, अन्य (खुलाउने), जम्मा छुट		

९. मासिक प्रतिवेदन फारामहरू

9. Monthly Reporting Forms

HMIS ९.१: महिला स्वास्थ्य स्वयंसेविका मासिक प्रतिवेदन फाराम

HMIS ९.२: समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन- खोप तथा गाउँ-घर क्लिनिक

HMIS ९.३: आधारभूत स्वास्थ्य सेवा केन्द्रको मासिक प्रगति प्रतिवेदन फाराम

HMIS ९.४: सरकारी अस्पताल मासिक प्रतिवेदन फाराम

HMIS ९.५: निजी तथा गैर-सरकारी स्वास्थ्य संस्था मासिक प्रतिवेदन फाराम

HMIS ९.१: महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको मासिक प्रतिवेदन (FCHV Report Collection Form)

यस फारामको प्रयोग प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले समुदायमा सम्पादन गरेका क्रियाकलापहरूको प्रगति सङ्कलन गरी एकमुस्ट प्रतिवेदन तयार गर्नका लागि गरिन्छ । स्वास्थ्यकर्मीहरूले आफ्नो कार्यक्षेत्र भित्रकार्यरत सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रत्येक महिना भेट गरी म.स्वा.स्व.से.ले गरेका कार्यको अभिलेख म.स्वा.स्व.से. रजिष्टर (HMIS ४.२) मा अद्यावधिक गर्न लगाई सोही रजिष्टरबाट प्रतिवेदन सङ्कलन गर्नुपर्दछ । स्वास्थ्यकर्मीले प्रत्येक स्वयंसेविकाको रजिष्टरबाट सङ्कलित प्रतिवेदनको समायोजन गरी आफू कार्यरत रहेको स्वास्थ्य संस्थामा यो फाराम बुझाउनु पर्दछ । यो प्रतिवेदन फाराम १ वर्षका लागिपुग्ने गरी एउटै किताबमा राखिएको हुन्छ र यो रजिष्टर आफ्नै संस्थामा रहने हुँदा एक प्रति मात्र तयार गर्नुपर्दछ ।महिला स्वास्थ्य स्वयंसेविकाहरूले सम्पादन गरेका विविध क्रियाकलापहरूको प्रतिवेदन विश्लेषण गर्न र समुदायमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको अनुगमन गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउन यस प्रतिवेदनको आवश्यकता परेको हो ।

यस प्रतिवेदन फाराममा १८ जना स्वयंसेविकासम्मको प्रतिवेदन सङ्कलन गर्न सक्ने व्यवस्था मिलाइएको छ । स्वास्थ्य संस्थाको कार्यक्षेत्रभित्र १८ जनाभन्दा बढी सङ्ख्यामा स्वयंसेविका कार्यरत रहेको भए प्रतिवेदन सङ्कलन गर्नका निमित्त १ वर्षका लागि २ वटा रजिष्टरको आवश्यकता पर्दछ ।

महलशीर्षक	निर्देशन
संस्थाको नाम, ठेगानाः	प्रतिवेदन पेश गरिने स्वास्थ्य संस्थाको नाम र ठेगाना सम्बन्धित महलमा लेख्नुपर्दछ ।
प्रगति प्रतिवेदन पेस गरेको मितिः	प्रतिवेदन पेश गरेको मिति यस महलमा लेख्नुपर्दछ ।
प्रतिवेदन पेस गरेको आ.वः	सङ्कलन गरिएको आ. व. लेख्नुपर्दछ ।
प्रतिवेदन पेस गरेको महिनाः	प्रतिवेदन सङ्कलन गरिएको महिना लेख्नुपर्दछ ।
जम्मा महिला स्वास्थ्य स्वयंसेविकाको सङ्ख्याः	स्वास्थ्य संस्था अन्तर्गतको जम्मा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सङ्ख्या लेख्नुपर्दछ ।
प्रगति विवरण पेस गरेको म.स्वा.स्व.से. सङ्ख्याः	जम्मा कार्यरत म.स्वा.स्व.से. मध्ये प्रतिवेदन सङ्कलन गरिएको महिला स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या लेख्नुपर्दछ ।हरेक महिनामा सबै म.स्वा.स्व.से.हरूको प्रतिवेदन अनिवार्य सङ्कलन गर्नुपर्दछ ।
महिला स्वास्थ्य स्वयंसेविकाको नामः	महिला स्वास्थ्य स्वयंसेविकाहरूको नाम लेखिएको भन्दा तलको खाली ठाउँमा अन्तर्गतका सबै महिला स्वास्थ्य स्वयंसेविकाको नाम एक एक कोठामा लेख्नुपर्दछ ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रजिष्टर (HMIS ४.२) बाट हरेक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले दिएको सेवाको विवरण उतार गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।

HMIS ९.२: समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (Community Level Health Service Monthly Reporting Form-Immunization and PHC ORC)

स्वास्थ्यकर्मीहरूले संस्थाको कार्यक्षेत्रभित्र रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूद्वारा सम्पादन गरिएका कार्यको प्रतिवेदनसमेत समायोजन गरी गाउँ—घर क्लिनिक र खोप क्लिनिकबाट प्रदान गरिएको सेवाको प्रतिवेदन संयुक्त रूपमा यस फाराममा एकमुस्ट तयार गरी प्रत्येक महिना भुक्तान भएको १ दिनभित्र (हरेक महिनाको १ गते) आपूmकार्यरत रहेको स्वास्थ्य संस्थामा पेस गरी सक्नुपर्दछ । यो प्रतिवेदन फारामहरूको १ वर्षको लागि एउटै किताबको रूपमा तयार गरिएको छ र यो प्रतिवेदन आफ्नै संस्थामा रहने हुँदा एक प्रति मात्र तयार गर्नुपर्दछ ।

समुदायमा गरेका कामहरूको मासिक प्रगति प्रतिवेदन तयार गर्दा चाहिने सामग्रीहरूः

१. खोप सेवा प्रदान गर्दा खोप सेसनमा वा रजिष्टरबाट प्रतिवेदन सङ्कलन गरेका ट्यालीसिटहरू
२ गाउँ—घर क्लिनिक रजिष्टरबाट प्रतिवेदन सङ्कलन गरेका ट्यालीसिटहरू
३. महिला स्वास्थ्य स्वयंसेविका कोषको रजिष्टरबाट सङ्कलन गरेको कोषको आम्दानी खर्चको विवरण ।

महल शीर्षक	निर्देशन
संस्थाको नाम, जिल्ला, नगर/गाउँपालिका, वडा नं:	सम्बन्धित स्वास्थ्य संस्था, जिल्ला, नगर-गाउँपालिका, वडा नं. लेख्नुपर्दछ ।
प्रतिवेदन पेस गरेको मिति (ग.म.सा.), आ.व., महिना:	प्रतिवेदन पेस गरेको मिति गते, महिना, सालमा लेख्नुपर्दछ, । कुन महिनाको प्रगति प्रतिवेदन तयार गरिएको हो सो महिना र आर्थिक वर्ष लेख्नुपर्दछ ।
स्वास्थ्यकर्मीको नाम, पद, फिल्डमा काम गरेको दिन, दस्तखत:	फिल्डमा काम गर्ने स्वास्थ्यकर्मीहरूको नाम, पद, फिल्डमा काम गरेको दिन फरक—फरक हरफमा लेखि दस्तखत समेत गर्नुपर्दछ ।
सञ्चालन हुनुपर्ने खोपक्लिनिक (सङ्ख्या):	स्वास्थ्य संस्था अन्तर्गत स्थापना भएका खोप क्लिनिकको (खोप केन्द्र) सङ्ख्या लेख्नुपर्दछ । एकै स्थानमा फरक फरक दिन (गते-वार) मा खोप सेवा प्रदान गरिन्छ भने पनि खोप क्लिनिक संख्या १ हुन्छ । त्यस्तै फरक फरक २ स्थानमा एकै दिन खोप सेवा प्रदान गरिन्छ भने खोप क्लिनिक संख्या पनि स्थान अनुसार नै २ उल्लेख गर्नुपर्दछ ।
सञ्चालन हुनुपर्ने खोप सेसन (पटक):	जुन महिनाको प्रतिवेदन गर्ने हो, सो महिनामा कति पटक सेसन सञ्चालन हुनुपर्ने हो? सो सङ्ख्या उल्लेख गर्नुपर्दछ । जस्तैः कुनै स्वास्थ्य संस्थामा हरेक सोमवार र स्वास्थ्य संस्थाको कार्यक्षेत्रभित्र उक्त संस्था वाहेक अन्यत्र २ स्थानमा क्रमशः हरेक महिनाको १५ गते र १६ गते क्लिनिक सञ्चालन हुनुपर्ने हो भने त्यस महिनामा स्वास्थ्य संस्थामा सञ्चालन हुने सेसन संख्या ४ (प्रत्येक सोमवार) र २ अन्यत्र गरी सञ्चालन हुनुपर्ने जम्मा खोप सेसन ६ लेख्नुपर्दछ ।
सञ्चालन हुनुपर्ने सरसफाई प्रवर्द्धन सेसन (पटक)	जुन महिनाको प्रतिवेदन गर्ने हो, सो महिनामा कति पटक सरसफाई प्रवर्द्धन सेसन सञ्चालन हुनुपर्ने हो ? सो सङ्ख्या उल्लेख गर्नुपर्दछ ।
सञ्चालन हुनुपर्ने गाउँ—घर क्लिनिक सङ्ख्या:	स्वास्थ्य संस्था अन्तर्गत स्थापना भएका गाउँ—घर क्लिनिकको जम्मा सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा सञ्चालन भएको खोप क्लिनिक:	जम्मा सञ्चालन हुनु पर्ने खोप क्लिनिक मध्ये यो महिनामा सञ्चालन भएको खोप क्लिनिको जम्मा सङ्ख्या लेख्नुपर्दछ । जस्तैः कुनै संस्थाको ३ खोप क्लिनिकमध्ये प्रतिवेदन महिनामा

	जम्मा २ वटा क्लिनिक (ठाउ) बाट मात्र खोप सेवा प्रदान गरिएको भए यस महलमा २ लेख्नुपर्दछ ।
यस महिनामा सञ्चालन भएको खोप सेसन (पटक):	जुन महिनाको प्रतिवेदन गर्ने हो, सो महिनामा कति पटक खोप क्लिनिक सञ्चालन भयो ? सो सङ्ख्या उल्लेख गर्नुपर्दछ । जस्तैः कुनै स्वास्थ्य संस्था अन्तर्गत ६ वटा सञ्चालन हुनुपर्ने खोप सेसन मध्ये ५ वटा मात्र यो महिनामा सञ्चालन भएको भए ५ लेख्नुपर्दछ । *नोटः सूक्ष्म कार्ययोजनाका क्रममा नै सञ्चालन हुनु पर्ने खोप क्लिनिक तथा खोप सेसन निर्दिष्ट गरिने हुँदा प्रायः सबै महिनामा सञ्चालन हुनुपर्ने खोप क्लिनिक र खोप सेसनको संख्या एउटै हुन्छ भने खोप सेसनको संख्या खोप क्लिनिकको संख्या भन्दा कम हुनुहुदैन ।*
यस महिनामा सञ्चालन भएको सरसफाई प्रवर्द्धन सेसन (पटक)	माथि खोप सेसन सञ्चालन भए जस्तै सरसफाई प्रवर्द्धन सेसन संगै सञ्चालन हुनु पर्दछ । जस अनुसार जति वटा खोप सेसन सञ्चालन हुने हो सरसफाई सेसन पनि त्यतिनै सञ्चालन हुनु पर्दछ सबै खोप सेसनमा सरसफाई सेसन पनि सञ्चालन भए सञ्चालन संख्या बराबरी हुन्छ, तर कुनै कारणबाट सरसफाई सेसन कहि कतै सञ्चालन नभएमा जति ठाउमा सञ्चालन भएको हो सोही पटक संख्या लेख्नु गर्नु पर्दछ । जस्तैः माथि ५ वटा खोप सेसन सञ्चालन हुदा सरसफाई सेसन ४ पटक मात्र सञ्चालन भएको थियो भने सरसफाई सेसन सञ्चालन पटक ४ लेख्नु पर्दछ ।
यस महिनामा सञ्चालन भएको गाउँ—घर क्लिनिक सङ्ख्याः	जुन महिनाको प्रतिवेदन गर्ने हो, सो महिनामा कतिवटा गाउँ—घर क्लिनिक सञ्चालन भएका थिए ? सोको सङ्ख्या उल्लेख गर्नुपर्दछ ।
खोप कार्यक्रम	
खोप क्लिनिक सञ्चालन स्थानः	खोप क्लिनिक सञ्चालन स्थान भन्दा तलको खाली कोठाहरुमा (तेस्रो) क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ । जस्तैः भलुवाजोर स्वास्थ्य चौकी भवन, सेलेघाट, कुनौरी र हात्तीटार गरी चार स्थानमा खोप केन्द्र रहेका छन् भने खाली ठाउँको फरक—फरक कोठामा क्रमशः माथिका खोप क्लिनिकको नाम लेख्नुपर्दछ ।
खोप सेवा पाएका सेवाग्राहीहरूको जम्मा सङ्ख्याः (जना)	खोप सेवा प्रदान गर्दा नै कति जना सेवा लिन आउछन भनेर गणना गर्न अगाडी नै ट्याली सिट तयार गरि सो ट्याली सिटमा सेवा दिदानै ट्याली गर्ने र सोबाट खोप सेवा पाएका सेवाग्राहीहरूको जम्मा सङ्ख्या यस महलमा उतार गर्नुपर्दछ । खोप सेवा पाएका सेवाग्राहीहरूको जम्मा सङ्ख्याको गणना गर्नका लागि सेसन सञ्चालनको समयमा बच्चा वा गर्भवती महिलाको कार्ड भर्ने बित्तिकै अनिवार्य ट्याली गर्नु आवश्यक हुन्छ । नोटः सेवाग्राहीको संख्या भन्नाले खोप लिन आएका बच्चा र आमाको संख्याहो । खोप डोजको आधारमा गनेर यो संख्या लेख्नु हुदैन। खोप रजिष्टरको २.२.१ खोप तथा सरसफाई सेसन संचालनको विवरणको महिना अनुसार सेवा गणना गरि जम्मा संख्या उल्लेख गर्नुपर्दछ ।
सरसफाई प्रवर्द्धन सेसनमा बसेका अभिभावकहरूको सङ्ख्याः	खोप सेसन संगै सरसफाई सेसन सञ्चालन गरिन्छ । तसर्थ खोप दिनु अघि सरसफाई सेसनमा कति जना सहभागि हुनु भयो सो संख्या सोही महिना र साहि खोपकेन्दको महलमा उल्लेख गर्ने ।
खोप पाएकाहरूको जम्मा सङ्ख्याः	बी.सी.जी., रोटा खोप (पहिलो र दोस्रो), पोलियो (पहिलो, दोस्रो, तेस्रो), एफ.आई.पि.भि (पहिलो, दोस्रो), पी.सी.भी (पहिलो, दोस्रो, तेस्रो), डी.पी.टी.—हेप बी—हिव (पहिलो, दोस्रो, तेस्रो), दादुरा—रुबेला (पहिलो, दोस्रो), टाएफाइड (१ मात्रा) जे.ई ९१ मात्रा० खोप प्राप्त गरेको बच्चा संख्याखोप रजिष्टरको खोप सेवा विवरण (HMIS २.२.३.१) नियमित खोप सेवामा आफ्नो सेवा क्षेत्र भन्दा अन्यत्रबाट आएका बच्चाहरूको खोप सेवाको विवरण (HMIS २.२.३.१) बाट खोप क्लिनिक अनुसार ट्याली सीट प्रयोग गरी गणना गरेर सम्बन्धित खोपको प्रगति खोप केन्द्र अनुसार छुट्टाछुट्टै महलमा चढाउनुपर्दछ ।

	नोटः सामान्यतया एकै समयमा लगाउने खोपको सेवा लिएका बच्चा/गर्भवतीको संख्या बराबर हुनुपर्दछ. जस्तैः रोटा पहिलो डोज, पोलियो (OPV) पहिलो डोज, fIPV पहिलो डोज, PCV पहिलो डोज, DPT-HepB-Hib पहिलो डोज पाएका बच्चा को संख्या बराबर हुनुपर्दछ ।
२३ महिना भित्र पर्ण खोप प्राप्त गरेका बच्चा संख्या	२३ महिना भित्र पर्ण खोप प्राप्त गरेका बच्चा संख्याखोप रजिष्टर अन्तर्गतू HMIS २.२.३.१ खोप सेवाको विवरणू भन्ने फारामको महल २९ बाट ट्याली सीट प्रयोग गरी गणना गरेर सम्बन्धित खोपको प्रगति खोप केन्द्र अनुसार छुट्टाछुट्टै महलमा चढाउनुपर्दछ । साथै उक्त विवरण जातजातीगतरुपमा समेत प्रतिवेदन गर्नुपर्ने भएकोले सोही बमोजिम ट्याली सीट प्रयोग गरी गणना गर्नुपर्दछ ।
खोप पाएका बालिकाहरूको संख्या—एच पी भी खोप लगाएका बालिकाको संख्या	एच.पी.भी खोप लगाएका बालिकाको संख्या खोप रजिष्टर (HMIS २.२.७) बाट खोप क्लिनिक अनुसार ट्याली सीट प्रयोग गरी गणना गरेर सम्बन्धित खोपको प्रगति खोप केन्द्र अनुसार छुट्टाछुट्टै महलमा चढाउनुपर्दछ ।
खोप पाएका गर्भवती महिलाको संख्या— टी.डी खोप	टी.डी. (पहिलो, दोस्रो, दोस्रो +) खोप लगाएको गर्भवती महिलाको संख्या टि।डी। खोप रजिष्टरबाट ट्याली सीट प्रयोग गरी गणना गरेर सम्बन्धित खोपको प्रगति खोप केन्द्र अनुसार छुट्टाछुट्टै महलमा चढाउनुपर्दछ ।
२४ महिना देखि ५९ महिनासम्म खोप सुरू गरेका बच्चा संख्या	२४ महिना देखि ५९ महिनासम्म खोप सुरू गरेका नयाँ बच्चा (शुन्य डोज) संख्या खोप रजिष्टर अन्तर्गत "(HMIS २.२.३.३: २४ महिना देखि ५९ महिनासम्म खोप सुरू गरेको बच्चाको खोपको विवरण" भन्ने फारामबाट ट्याली सीट प्रयोग गरी गणना गरेर सम्बन्धित खोपको प्रगति खोप केन्द्र अनुसार छुट्टाछुट्टै महलमा चढाउनुपर्दछ ।
AEFI CASES (सामान्य)	खोप पश्चात् कुनै अवान्छित घटना भएमासो को विवरण खोप रजिष्टर वाट गणना गरी खोप केन्द्र अनुसार जम्मा जना जनाउनुपर्दछ । सो घटना सामान्य प्रकारको र स्थानीय स्तरमा नै समाधान भएको भए यो महलमा उल्लेख गर्ने (जस्तै खोप लगाए पछि अलि अलि ज्वरो आउने, सुइलगाएको ठाउमा दुख्ने, रातो हुने, गिर्खा बस्ने, बिसिजी लगाएको ठाउमा अलिअलि पाक्ने आदि वा अभिभावकले भनेका अन्य सामान्य घटनाहरु)
AEFI CASES (गम्भिर)	खोप दिइएपछि खोपसँग जोडिएर कुनै गम्भिर प्रकारको घटना जस्तै सो घटना भई सेवाग्राहिलाई प्रेषण गरियो,वा अस्पताल भर्ना गर्नु पर्ने वा लामो समय उपचार गर्नु पर्ने अवस्था वा मृत्यु भयो आदि भएमा यो महलको जुन खोप केन्द्रमा भएको हो सोह महलमा उल्लेख गर्ने । यस्तो अवस्थामा तत्कालै AEFI प्रतिवेदन फाराम अनुसूची १ भरेर पठाउनु पर्दछ साथै अनुसन्धान समेत गर्नु पर्दछ ।
प्राप्त भएको खोप (डोजमा):	खोप सेसन सञ्चालनका लागि कोल्ड चेन सेन्टरबाट प्राप्त गरेको डोज संख्या प्रत्येक भ्याक्सिनको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
खर्च भएको खोपः खोप दिन खोलेको	खोप सञ्चालन गर्न प्राप्त भएको खोप भायल मध्ये खोप सेसन सञ्चालन गर्न खोलिएका जम्मा डोज गणना गरि खोप सेसनको अन्तमा खोप दिन खोलेको भायल मध्ये खर्च डोज संख्या सम्बन्धित खोपको महलमा जनाउनु पर्दछ । यसको उदाहरण माथि खोप रजिष्टरमा ब्याख्या गरिएको छ ।
खर्च भएको खोप (डोजमा): अन्य कारणले बिग्रेको	प्राप्त भएको खोप भायल मध्ये खोप सेसन सञ्चालन गरिसकेपछि खोप सञ्चालन गर्न खोलेको भायल बाहेक अन्य नखोलेको भायलहरू कुनै अन्य कारणले विग्रीएर (जस्तैः भिभिएम ३,४ मा भए, खोप भायल पानीले भिज्यो, लेवल विग्रीयो, म्याद सकियो, चर्कियो, फूट्यो आदि) पुन प्रयोग गर्न नमिल्ने अवस्थाको नखोलेका भायलहरू खर्च भएको प्रत्येक भ्याक्सिनको सम्बन्धित महलमा **डोज** चढाउनुपर्दछ ।
फिर्ता (डोजमा)	खोप सञ्चालन गर्न प्राप्त भएको खोप भायलहरू मध्ये खोप सञ्चालन गर्न खोलेको र अन्य कुनै कारणबाट प्रयोग गर्न नमिल्ने अवस्था भएमा सो समेत घटाई नखोलेको प्रयोग गर्न

	मिल्ने भायलहरू कोल्डचेन कायम गरि सम्बन्धित स्थानमा अनिवार्य फिर्ता गर्नु पर्दछ । यसरी फिर्ता गरिएका भायलहरूको जम्मा **डोज** सम्बन्धित खोपको महलमा चडाउनु पर्दछ ।
गाउँघर क्लिनिक कार्यक्रम	
गाउँघर क्लिनिक सञ्चालन स्थानः	गाउँघर क्लिनिक सञ्चालन स्थानभन्दा तलको खाली ठाउँमा क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ । जस्तैः सालुपाटीमा सामलथान, च्याउँकी ठाँटी र गैराथोक गरी तीन स्थानमा गाउँ—घर क्लिनिक रहेका छन् भने खाली ठाउँको फरक—फरक कोठामा क्रमशः माथिका क्लिनिकको नाम लेख्नुपर्दछ ।
सेवा दिएको सङ्ख्याः	गाउँ—घर क्लिनिक रजिष्टरको पहिलो भागमा (HMIS ४.११) रहेको गाउँ—घर क्लिनिक दर्ताको आधारमा यस महिनामा सेवा दिएको जम्मा सङ्ख्या लेख्नुपर्दछ ।
२ महिनाभन्दा मुनिका बिरामी शिशुको वर्गीकरण तथा उपचारः २ महिनाभन्दा मुनिका बिरामी शिशुको वर्गीकरण तथा उपचारको अभिलेख गाउँघर क्लिनिक रजिष्टरको **२ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डमा राखिएको हुन्छ** । यस रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिक अनुसार छुट्टाछुट्टै तयार गरेर प्रतिवेदनमा चढाउनुपर्दछ ।	
जम्मा बिरामी सङ्ख्याः	गाउँघर क्लिनिक रजिष्टरको २ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डमा प्रतिवेदन अवधिमा दर्ता भएका शिशुहरू मध्ये २८ दिनसम्मका र २९ दिनदेखि ५९ दिनसम्म (महल ५ र ६ उमेर हसामा को आधारमा) को छुट्टाछुट्टै गणना गरी यस महलमा लेख्नुपर्दछ ।
वर्गीकरण (व्याक्टेरियाको) गम्भीर सङ्क्रमण, निमोनिया ब्याक्टेरियाको स्थानीय सङ्क्रमण, कडा कपलपित्त (जण्डिस),	गाउँघर क्लिनिक रजिष्टरको २ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डको महल १२ को कोड नं. १ मा गोलो घेरा लगाएको जति उमेर अनुसार गणना गरी गम्भीर सङ्क्रमणको महलमा लेख्नुपर्दछ । त्यसै गरी कोड नं. ४ मा गोलो घेरा लगाएको गणना गरी निमोनिया त्यसै गरी कोड नं. २ मा गोलो घेरा लगाएको गणना गरी ब्याक्टेरियाको स्थानीय सङ्क्रमण, र कोड नं. ५ मा गोलो घेरा लगाएको (कडा जण्डिस भएका) गणना गरी कडा कपलपित्त (जण्डिस) को महलमा लेख्नुपर्दछ ।
कम तौल	गाउँघर क्लिनिक रजिष्टरको २ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डको महल ११ मा गोलो घेरा लगाएको जति उमेर अनुसार गणना गरी कम तौलको महलमा लेख्नुपर्दछ ।
उपचार (एमोक्सिसिलिन, एम्पिसिलिन, जेण्टामाईसिन (गम्भिर संक्रमण):	गाउँघर क्लिनिक रजिष्टरको २ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डको महल १४ को कोड नं. १ मा गोलो घेरा लगाएको संख्या गणना गरी एमोक्सिसिलिन वाट उपचार गरिएका शिशुको संख्या उमेर समूह अनुसार (२८ दिनसम्म र २९-५९ दिन) छुट्टाछुट्टै एमोक्सिसिलिनको महलमा लेख्नुपर्दछ । त्यसैगरी कोड नं ३ मा गोलो घेरा लगाएको संख्या गणना गरी एमोक्सिसिलिनबाट उपचार गरिएका शिशुको संख्या उमेर समूह अनुसार (२८ दिनसम्म र २९—५९ दिन) छुट्टाछुट्टै एम्पिसिलिनको महलमा लेख्नुपर्दछ । जेन्टामाईसिन सुईबाट उपचार गरिएका २ महिना मुनिका (महल १४ को कोड नं. २ मा गोलो घेरा लगाएका) मध्ये जेन्टामाइसिन सुईको पहिलो मात्रा पाएकाको संख्या गणना गरी पहिलो डोज पाएका सङ्ख्याको महलमा र जेन्टामाइसिनको सात वटै डोजमा गोलो घेरा लगाएका संख्या गणना गरी पूरा डोज पाएका सङ्ख्याको महलमा लेख्नुपर्दछ ।
रेफर गरेकोः	गाउँघर क्लिनिक रजिष्टरको २ महिना भन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डको महल २० को कोड नं. ३ मा गोलो घेरा लगाएको जति उमेरअनुसार गणना गरी यस महलमा लेख्नुपर्दछ ।

फलोअप बिरामी सङ्ख्याः	गाउँघर क्लिनिक रजिष्टरको २ महिना भन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डको महल १९ मा फलोअप गरेको मितिको आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
मृत्यु मध्ये उमेर समूह संख्या	गाउँघर क्लिनिक रजिष्टरको २ महिना भन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन खण्डको महल २० को कोड नं. ४ मा गोलो घेरा लगाएको संख्या उमेर अनुसार गणना गरी छुट्टाछुट्टै (०—७ दिन, ८—२८ दिनसम्म र २९—५९ दिनसम्म) महलमा लेख्नुपर्दछ ।
२ महिना देखि ५ वर्षसम्मका बिरामी बच्चाको वर्गीकरण तथा उपचारः २ महिनादेखि ५ वर्षसम्मका बिरामी बच्चाको वर्गीकरण तथा उपचारको अभिलेख गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डमा राखिएको हुन्छ । यो रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिक अनुसार छुट्टाछुट्टै तयार गरेर प्रतिवेदनमा उतार गर्नुपर्दछ ।	
जम्मा बिरामी सङ्ख्याः	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्ड मा प्रतिवेदन अवधिमा दर्ता भएका बच्चाहरूको संख्या महल नं ३ कोलिङ्गको आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
वर्गीकरण —श्वासप्रश्वास रोग (निमोनिया नभएको रुघाखोकी, निमोनिया, धेरै कडा रोग/कडा निमोनिया):	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. १ मा गोलो घेरा लगाएको जतिगणना गरी निमोनिया नभएको रुघाखोकीको महलमा लेख्नुपर्दछ । त्यसै गरी महल १८ को कोड नं.२ मा गोलो घेरा लगाएको निमोनिया र कोड नं. ३ मा गोलो घेरा लगाएको गणना गरी धेरै कडा रोग/कडा निमोनियाको महलमा लेख्नुपर्दछ ।
वर्गीकरण —झाडापखाला (जल वियोजन नभएको, केही जल वियोजन भएको, कडा जल वियोजन भएकोः	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. ४ मा गोलो घेरा लगाएको जति गणना गरी जल वियोजन नभएको महलमा प्रतिवेदन गर्नुपर्दछ । त्यसैगरी महल १८ को कोड नं. ५ मा गोलो घेरा लगाएको संख्या गणना गरी केही जल वियोजन भएको र कोड नं. ६ मा गोलो घेरा लगाएको संख्या गणना गरी कडा जल वियोजन भएको महलमा प्रतिवेदन गर्नुपर्दछ ।
वर्गीकरण— झाडापखाला (दीर्घ झाडापखाला):	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. ७ मा गोलो घेरा लगाएको जति गणना गरी यसमहलमा लेख्नुपर्दछ ।
वर्गीकरण— झाडापखाला (आउँरगत):	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. ८ मा गोलो घेरा लगाएको जति गणना गरी यसमहलमा लेख्नुपर्दछ ।
बर्गिकरण—औलो (फाल्सिप्यारम/फाल्सिप्यारम नभएको)	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. ९ मा गोलो घेरा लगाएको जति गणना गरी फाल्सिप्यारम औलो को महलमा र कोड नं. १० मा गोलो घेरा लगाएको जति गणना गरी फाल्सिप्यारम नभएको औलो को महलमा लेख्नुपर्दछ ।
बर्गिकरण—धेरै कडा ज्वरो जन्य रोग	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. १२ मा गोलो घेरा लगाएको जति गणना गरी यस महलमा लेख्नुपर्दछ ।
बर्गिकरण—दादुरा	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २० को कोड नं. १४ मा गोलो घेरा लगाएको जति गणना गरी यस महलमा लेख्नुपर्दछ ।

बर्गिकरण—कानको समस्या	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २० को कोड नं. १३ मा गोलो घेरा लगाएको जति गणना गरी यस महलमा लेख्नुपर्दछ ।
बर्गिकरण—ज्वरो	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल १८ को कोड नं. ११ मा गोलो घेरा लगाएको जति गणना गरी यस महलमा लेख्नुपर्दछ ।
बर्गिकरण—मध्यमकुपोषण	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २० को कोड नं. १५ मा गोलो घेरा लगाएको मध्यम कुपोषण गणना गरी यस महलमा लेख्नुपर्दछ ।
बर्गिकरण— कडा कुपोषण	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २०कोकोड नं. १६ मा गोलो घेरा लगाएको कडा कुपोषण गणना गरी यस महलमा लेख्नुपर्दछ ।
बर्गिकरण— रक्तअल्पता	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २०को कोड नं. १६ मा गोलो घेरा लगाएको रक्तअल्पता गणना गरी यस महलमा लेख्नुपर्दछ ।
वर्गीकरण— अन्य वर्गीकरणः	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल नं २० को १६ मा गोलो घेरा लगाएको अन्य संख्या गणना गरी अन्य वर्गीकरणको महलमा लेख्नुपर्दछ र अन्य बर्गिकरण कुन हो सोही महल तल रहेको खालि बक्सामा उल्लेख गर्नुपर्दछ ।
उपचार (एमोक्सिसिलिनबाट, पुनर्जलीय झोल र जिङ्क चक्कीबाट, जुकाको औषधीबाट, भिटामिन एबाट, अन्य जस्तै घरेलु/प्राथमिक उपचारबाट)	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २२ को कोड नं. १ मा गोलो घेरा लगाएको गणना गरी एमोक्सिसिलिनको महलमा लेख्नुपर्दछ । त्यसैगरी सोही महलको कोड नं. ४ मा गोलो घेरा लगाएको पुनर्जलीय झोल र जिङ्कबाट, महल २२ को कोड नं. ६ मा घेरा लगाएको जुकाको औषधीबाट, कोड नं. ७ मा घेरा लगाएको भिटामिन एबाट र कोड नं. ८ मा गोलो घेरा लगाएको जति गणना गरी अन्यको महलमा लेख्नुपर्दछ ।
रेफर गरेको (श्वासप्रश्वास रोग भएका, झाडापखाला भएका, अन्य):	गाउँघर क्लिनिक रजिष्टरको २ महिनादेखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डबाट श्वासप्रश्वास रोग, झाडापखाला वा अन्य कुन कारणले रेफर गरेको हो ? रोगको वर्गिकरण र कैफियत महलमा उल्लेख गरिएको प्रेषण गर्नुको कारणबाट यकीन गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
फलोअप संख्याः	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डबाट उपचारको लागिआएका २ महिनादेखि ५ वर्षभन्दा मुनिका बच्चाहरू मध्ये श्वासप्रश्वास सम्बन्धी रोग वा झाडापखाला सम्बन्धी रोग वाअन्य रोगको कारणले मृत्यु भएको भएमा मृत्यु भएका बच्चाहरूको सङ्ख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
मृत्यु संख्या (कारण अनुसार)	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डबाट उपचारको लागिआएका २ महिनादेखि ५ वर्षभन्दा मुनिका बच्चाहरू मध्ये श्वासप्रश्वास सम्बन्धी रोग वा झाडापखाला सम्बन्धी रोग वाअन्य रोगको कारणले मृत्यु भएको भएमा मृत्यु भएका बच्चाहरूको सङ्ख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।

मृत्यूसंख्या (उमेर अनुसार)	गाउँघर क्लिनिक रजिष्टरको २ महिना देखि ५९ महिनासम्मका बिरामी बच्चाको व्यवस्थापन खण्डको महल २० को कोड नं. ४ मा गोलो घेरा लगाएको संख्या उमेर अनुसार गणना गरी छुट्टाछुट्टै (२-११ महिना, र १२-५९ महिना) महलमा लेख्नुपर्दछ ।
पोषण कार्यक्रम पोषण कार्यक्रमको अभिलेख गाउँ-घर क्लिनिक रजिष्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डमा राखिएको हुन्छ । यस रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँ-घर क्लिनिकअनुसार छुट्टाछुट्टै तयार गरेर प्रतिवेदनमा चढाउनुपर्दछ ।	
बाल—बालिकाको पोषण स्थितिः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल ७, ८, ९ को तौल (उमेर अनुसारको वृद्धि) मा नयाँ र पुरानो— दुवै गरी सामान्य तौल, जोखिम तौल र अति जोखिम तौल भएकाहरूको सङ्ख्या ०—११ महिना र १२—२३ महिनाको छुट्टाछुट्टै निकाली सम्बन्धित महलमा चढाउनुपर्दछ ।
जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएकोः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १२ को कोड २ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
जन्मेको ६ महिनासम्म स्तनपान मात्र नगराएकोः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १२ को कोड २ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
६ महिनापछि स्तनपानका साथै ठोस, अर्धठोस र नरम खाना सुरू गरेकोः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १३ को कोड १ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
६ महिनापछि स्तनपानका साथै ठोस, अर्धठोस र नरम खाना सुरू नगरेकोः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १४ को कोड २ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
गर्भवती सेवा गर्भवती सेवाको अभिलेख गाउँ—घर क्लिनिक रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डमा राखिएको हुन्छ । यस रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँ—घर क्लिनिक अनुसार छुट्टाछुट्टै तयार गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।	
गर्भवती जाँच गराएको महिला सङ्ख्याः	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डको महल १४ मा गर्भवती जाँच पटकको जम्मा सङ्ख्या गणना गरी यस महलमा चढाउनु पर्दछ ।
जुकाको औषधी वितरण गरिएको गर्भवती महिलाको सङ्ख्याः	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डको महल १५ को जुकाको औषधी वितरण गरिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
आइरन फोलिक एसिड वितरण गरिएको गर्भवती महिलाको सङ्ख्या	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डको महल १६ को आइरन फोलिक एसिड वितरण सङ्ख्या नयाँ र महल १७ को दोहो¥याई आएको सङ्ख्या गणना गरी सम्बन्धित महलमा महलमा चढाउनुपर्दछ ।
क्यालसियम पाएको गर्भवती महिलाको संख्या	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डको महल थपको लागि प्रस्ताव गरिएकोबाट क्यालसियम वितरण सङ्ख्या नयाँ रे दोहोर्याई आएको सङ्ख्या गणना गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।
सुत्केरी सेवा सुत्केरी सेवाको अभिलेख गाउँ—घर क्लिनिक रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डमा राखिएको हुन्छ । यस रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँ—घर क्लिनिक अनुसार छुट्टाछुट्टै तयार गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।	

सुत्केरी जाँच गरिएको सङ्ख्याः	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डको महल १९ को सुत्केरी भएको .....औ दिनमा सेवा दिएको पटक गणना गरी यस महलमा चढाउनुपर्दछ ।
४५ चक्की आइरन पाएका सुत्केरी महिलाको सङ्ख्याः	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको सुरक्षित मातृत्व सेवा खण्डको महल २० मा वितरण गरिएको आइरन चक्की सङ्ख्यामा ४५ लेखिएको जति गणना गरी यस महलमा चढाउनुपर्दछ ।
परिवार नियोजन सेवा परिवार नियोजन सेवाको अभिलेख गाउँ—घर क्लिनिक रजिष्टरको परिवार नियोजन सेवा खण्डमा राखिएको हुन्छ । यस रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँ—घर क्लिनिक अनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ ।	
कन्डम वितरण सङ्ख्याः	**गाउँ—घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल ८ को कन्डम वितरण सङ्ख्या सबै जोडी यस महलमा चढाउनुपर्दछ ।**
पिल्स वितरण गरिएको महिलाको सङ्ख्याः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल ९ को पिल्स वितरणमा गरिएको महिलाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनु पर्दछ । यस महलमा महिलाको संख्या प्रतिवेदन गर्नु पर्ने हुँदा साइकलको जम्मा संख्या प्रतिवेदन हुन सक्ने सम्भावना प्रति सचेत रहनुपर्दछ ।
डिपो सेवा प्रदान गरिएको महिलाको सङ्ख्याः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल १० को डिपो सेवा दिइएका महिलाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
सायना प्रेस प्रदान गरिएको महिलाको सङ्ख्याः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल ११ को सायना प्रेस सेवा दिइएका महिलाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
आकस्मिक चक्की प्रयोग गरेको डोज सङ्ख्याः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल १२ को आकस्मिक चक्कीको डोज सङ्ख्या सबै जोडी यस महलमा चढाउनुपर्दछ ।
आकस्मिक चक्की प्रयोग गरेको महिलाको सङ्ख्याः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल १२ को आकस्मिक चक्की सेवा दिइएका महिलाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ । यस महलमा महिलाको संख्या प्रतिवेदन गर्नु पर्ने हुँदा डोजको जम्मा संख्या प्रतिवेदन हुन सक्ने सम्भावना प्रति सचेत रहनुपर्दछ ।
खाने चक्की पिल्स वितरण गरिएको साइकलः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको परिवार नियोजन सेवा खण्डको महल ९ को पिल्स वितरण गरिएको साइकल सबै जोडी यस महलमा चढाउनुपर्दछ ।
औलोरोग निवारण कार्यक्रम औलोरोग नियन्त्रण कार्यक्रमको अभिलेख गाउँ-घर क्लिनिक रजिष्टरको प्राथमिक उपचार सेवा खण्डमा राखिएको हुन्छ । यस रजिष्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँ-घर क्लिनिक अनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ । रक्त नमूना सङ्कलन गरिएको सङ्ख्याः गाउँ-घर क्लिनिक सेवा रजिष्टरको प्राथमिक उपचार सेवा खण्डको महल ७ मा औलोको लागि स्लाइड लिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।	
शङ्कास्पद बिरामीलाई रेफर गरिएको सङ्ख्याः	**गाउँ—घर क्लिनिक सेवा रजिष्टरको प्राथमिक उपचार सेवा खण्डको महल ७ मा औलो उपचारको लागि रेफर जनाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।**
क्षयरोग नियन्त्रण कार्यक्रम क्षयरोग नियन्त्रण कार्यक्रमको अभिलेख गाउँ—घर क्लिनिक रजिष्टरको प्राथमिक उपचार सेवा खण्डमा र डिफल्टर अनियमितता खोज पुर्जामा राखिएको हुन्छ । ट्याली सिटको प्रयोग गरी गाउँ—घर क्लिनिक अनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ ।	
नियमित नभएका बिरामीको खोज गरेकोः	स्वास्थ्य संस्थामा नियमित क्षयरोगको औषधी खान आउनुपर्ने बिरामी अनियमित भई सेवा लिन नआएमा स्वास्थ्य संस्थाबाट डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS १.५) भरी बिरामी नियमित हुन नसक्नुको कारण पत्ता लगाउनुपर्दछ । यसरी क्षयरोग उपचारमा

	अनियमित भएका बिरामीलाई कारण पत्ता लगाएको सङ्ख्या डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS १.५) गणना गरी यस महलमा चढाउनुपर्दछ ।
सम्भावित बिरामीलाई रेफर गरिएको सङ्ख्याः	गाउँ—घर क्लिनिक सेवा रजिष्टरको प्राथमिक उपचार सेवा खण्डको महल ६ मा क्षयरोगको लक्षणहरू लेखि महल ७ मा प्रेषण लेखिएको जति गणना गरी यस महलमा चढाउनुपर्दछ ।
कुष्ठरोग निवारण कार्यक्रम कुष्ठरोग नियन्त्रण कार्यक्रमको अभिलेख गाउँ—घर क्लिनिक रजिष्टरको प्राथमिक उपचार सेवा खण्डमा र स्वास्थ्य कार्यकर्ताको डायरीमा राखिएको हुन्छ । ट्याली सिटको प्रयोग गरी गाउँ—घर क्लिनिकअनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ ।	
नियमित नभएका बिरामीको खोज गरेकोः	स्वास्थ्य संस्थामा कुष्ठरोगको औषधी नियमित रूपमा खान आउनुपर्ने बिरामी अनियमित भई सेवा लिन नआएमा स्वास्थ्य संस्थाबाट डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS १.५) भरी बिरामी नियमित हुन नसक्नुको कारण पत्ता लगाउनुपर्दछ । यसरी कुष्ठरोग उपचारमा अनियमित भएका बिरामीलाई कारण पत्ता लगाएको सङ्ख्या डिफल्टर-अनियमितता खोज पुर्जा (HMIS १.५) गणना गरी यस महलमा चढाउनुपर्दछ ।
शङ्कास्पद बिरामीलाई रेफर गरिएको सङ्ख्याः	गाउँ-घर क्लिनिक सेवा रजिष्टरको प्राथमिक उपचार सेवा खण्डको महल ६ मा कुष्ठरोगका लक्षणहरू लेखि महल ७ मा प्रेषण लेखिएको जति गणना गरी यस महलमा चढाउनुपर्दछ ।
विविध क्रियाकलापहरू प्राथमिक उपचार सेवा सङ्ख्या (५ वर्षभन्दा माथि): गाउँ-घर क्लिनिक सेवा रजिष्टरको प्राथमिक उपचार सेवा खण्डबाट सबै यस महिनामा सबै गणना गरी लेख्नुपर्दछ ।	
विद्यालय र समुदाय स्वास्थ्य शिक्षा दिएको पटकः	**गाउँ—घर क्लिनिक सेवा रजिष्टरको स्वास्थ्य शिक्षा तथा परामर्श सेवा खण्डबाट यस महिना दिएको स्वास्थ्य शिक्षाकोपटक गणना गरी लेख्नुपर्दछ ।**
महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको अभिलेख महिला स्वास्थ्य स्वयंसेविका रजिष्टरबाट उतार गरिएको मासिक अनुगमन पुस्तिका र महिला स्वास्थ्य स्वयंसेविका कोष खाताबाट सङ्कलन गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।	
आमा समूहको बैठकमा स्वास्थ्यकर्मी सहभागी भएको पटकः	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका प्रतिवेदन सङ्कलन पुस्तिका (HMIS ९.१) बाट आमा समूहको बैठकमा स्वास्थ्यकर्मी सहभागी भएको पटकको जम्मा सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
कोषबाट ऋण लिने नयाँ महिलाहरूको सङ्ख्याः	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिष्टरबाट उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा कोषमा आम्दानी भएको रकम रुः	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिष्टरबाट उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा कोषको लगानी रकम रुः	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिष्टरबाट उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा कोषबाट खर्च भएको रकम रुः	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिष्टरबाट उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा असुल भएको रकम रुः	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिष्टरबाट उतार गरी यस महलमा लेख्नुपर्दछ ।

HMIS ९.३: आधारभूत स्वास्थ्य सेवाकेन्द्रको मासिक प्रगति प्रतिवेदन फाराम (Basic Health Facilities Monthly Reporting Form)

आधारभूत स्वास्थ्य संस्था (प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य (प्रवर्द्धन) केन्द्र, सामुदायिक स्वास्थ्य इकाई) ले आफ्नो मासिक प्रतिवेदन बनाउँदा स्वास्थ्य संस्थामा रहेका सेवा रजिष्टरहरू र समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदनः खोप तथा गाउँ—घर क्लिनिक कार्यक्रम प्रतिवेदन (HMIS ९.२) बाट उतार गर्नुपर्दछ । आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूले प्रतिवेदन बनाउँदा २ प्रति तयार गरी एक प्रति आफ्नो संस्थामा, एक प्रति सम्बन्धित नगर-गाउँपालिकामा पठाउनुपर्दछ । प्रतिवेदन तयार गर्दा कार्बन पेपरको प्रयोग गर्नु हुँदैन, २ प्रतिमा नै लेख्नुपर्दछ । आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूले आफ्नो मासिक प्रतिवेदन तयार गरिसकेपछि आवश्यक तथ्याङ्कहरू स्वास्थ्य संस्थाको मासिक अनुगमन पुस्तिकामा चढाउनुपर्दछ र सोका आधारमा क्षेत्र, जात/जाति अनुसारको स्वास्थ्य सेवाको पहुँच, स्वास्थ्य सेवाको गुणस्तरको अवस्थाको विश्लेषण गर्नुका साथै स्थानीय स्तरमा आवश्यक योजना तर्जुमा गर्नुपर्दछ ।

हरेक स्वास्थ्य संस्थाले मासिक प्रगति प्रतिवेदन अर्को महिनाको ५ गतेभित्र सम्बन्धित नगर/गाउँपालिकामा पुगिसक्ने गरी पठाउनुपर्दछ । स्वास्थ्य संस्था स्वयंले मासिक प्रगती प्रतिवेदनहरू DHIS2 software मा प्रविष्टि गर्ने भए ७ गते भित्र र स्थानीय तहहरूले १५ गतेभित्र सबै प्रतिवेदनहरू software मा प्रविष्टि गरी सक्नुपर्नेछ ।

फाराम भर्ने तरिकाः

महल शिर्षक	**निर्देशन**
गाउँ/नगरपालिकाको नाम	प्रतिवेदन फारामको शिरमा गाउँ/नगरपालिका, स्वास्थ्य शाखाको अगाडीको खाली स्थानमा स्वास्थ्य संस्था कुन स्थानीय तह मातहत हो सो स्थानीय तहको नाम लेख्नुपर्दछ ।
स्वास्थ्य संस्थाको नाम	प्रतिवेदन गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ
FiscalYear	चालु आ.ब. लेख्नुपर्दछ ।
ReferenceNo.	चलानी नम्बर लेख्नुपर्दछ ।
गाउँ/नगरपालिकाको नाम	प्रतिवेदन प्रेषित गरिने स्थानीय तह/ कार्यालयको नाम लेख्नुपर्दछ ।
स्वास्थ्य संस्था कोड	Health Facility Registry बाट प्राप्त स्वास्थ्य संस्थाको unique code यस महलमा लेख्नुपर्दछ ।
पालिका र वार्ड नं	स्थानमा स्वास्थ्य संस्था कुन स्थानीय तह मातहत हो सो स्थानीय तहको नाम र स्वास्थ्य संस्था रहको वार्ड को नं लेख्नुपर्दछ ।
प्रेषित मिति	प्रतिवेदन प्रेषित गरेको मितिको गते महिना र साल लेख्नुपर्दछ ।
प्राप्त मिति	प्रतिवेदन प्राप्त गर्ने संस्थाले प्रतिवेदन प्राप्त गरेपछी सोप्रतिवेदन प्राप्त गरेको मिति लेख्नुपर्दछ ।
महिना र साल	प्रतिवेदन कुन बर्षको कुन महिनाको हो, सम्बन्धित महिना र साल लेख्नुपर्दछ ।

सेवा पाउनेको विवरण	निर्देशन
नयाँ सेवाग्राहीको सङ्ख्या	मूलदर्ता रजिष्टरको हरेक पानाको अन्तमा नयाँ सेवाग्राही (महल नं १) को प्रतिवेदन गर्ने महिनाको कुल सङ्ख्या जोड गरी उमेर र लिङ्ग अनुसार सम्बन्धित महलमा चढाउनुपर्दछ ।
जम्मा सेवाग्राहीको सङ्ख्या	मूलदर्ता रजिष्टरको हरेक पानाको अन्तमा जम्मा सेवाग्राही (महल नं २) को प्रतिवेदन गर्ने महिनाको कुल सङ्ख्या जोड गरी उमेर र लिङ्ग अनुसार सम्बन्धित महलमा चढाउनुपर्दछ । जम्मा सेवाग्राहीको संख्या नयाँ सेवाग्राहीको संख्या भन्दा कम हुनुहुदैन ।
प्रेषण भई आएका जम्मा सेवाग्राही	मूलदर्ता रजिष्टरको महल नं १५मा प्रेषण भई आएको संस्थाको नाम उल्लेख भएको संख्या गणना गरी उमेर र लिङ्ग अनुसार यस महलमा चढाउनुपर्दछ ।

स्वास्थ्य संस्थाभित्रको निकाय	
गाउँघर क्लिनिक सञ्चालन हुनुपर्ने सङ्ख्या	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदन खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "यस महिनामा सञ्चालन हुनुपर्ने गाउँ—घर क्लिनिक (सङ्ख्या)बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
गाउँघर क्लिनिक सञ्चालन भएको सङ्ख्या	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "यस महिनामा सञ्चालनर प्रतिवेदन भएको" गाउँ—घर क्लिनिक (सङ्ख्या)बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
गाउँघर क्लिनिक(सेवा पाएका जम्मा सेवाग्राहीको सङ्ख्या	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनःखोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "सेवा दिएको सङ्ख्या (क्विनिकमा दर्ताको आधारमा)" को जम्माको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप क्लिनिक सञ्चालन र हुनुपर्ने सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS ९.२) को सञ्चालन हुनुपर्ने खोप क्लिनिकको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनु पर्दछ । सञ्चालन हुनुपर्ने केन्द्र प्रत्येक महिना बराबरी हुन्छ,यदि पुनर्योजना गरि थपघट भएमा मात्र सो अनुसारको संख्या उल्लेख गर्ने ।
खोप क्लिनिक सञ्चालन भएको सङ्ख्या	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "यस महिनामा सञ्चालनर प्रतिवेदन भएको" खोप क्लिनिक (सङ्ख्या)बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप क्लिनिक(सेवा पाएको जम्मा सेवाग्राहीको सङ्ख्या	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को खोप क्लिनिकबाट सेवादिएको जम्मा सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप सेसन सञ्चालन/हुनुपर्ने जम्मा पटक	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "यस महिनामा सञ्चालन हुनुपर्ने" खोप सेसन (पटक) बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप सेसन सञ्चालन/ भएको पटक	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "यस महिनामा सञ्चालनर प्रतिवेदन भएको" खोप सेसन (पटक) बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
सरसफाई सेसन (सञ्चालन हुनुपर्ने पटक	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदन खोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२) को "यस महिनामा सञ्चालन हुनुपर्नू सरसफाई प्रवर्द्धन सेसन (पटक) बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
सरसफाई सेसन-सञ्चालन भएको पटक	समुदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनःखोप तथा गाउँ—घर क्लिनिक (HMIS ९.२)को "यस महिनामा सञ्चालनर प्रतिवेदन भएको" सरसफाई प्रवर्धन सेसन (पटक) बाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
सरसफाई सेसन-सेवापाएको जम्मा सेवाग्राहीको सङ्ख्या	सरसफाइ सेसनबाट सेवा पाएको सेवाग्राही भन्नाले सरसफाइ सेसनमा सहभागी भएका अभिभावकहरूको सङ्ख्यालाई बुझ्नुपर्दछ । यो संख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२)को खोप कार्यक्रम खण्डको क्रम संख्या २ मा उल्लेखित सरसफाई सेसनमा बसेका अभिभावक संख्या को महलबाटवा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको महलमा चढाउनुपर्दछ ।
म.स्वा.स्व.से- प्रतिवेदन भएको सङ्ख्या	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको मासिक प्रतिवेदन HMIS ९.१ को माथिल्लो खण्डमा उल्लेख गरिएको प्रगति विवरण पेश गरेका महिला स्वास्थ्य स्वयंसेविकाको संख्या भन्ने महलबाट उतार गरी यस महलमा चढाउनु पर्दछ ।

न्यूनतम सेवा मापदण्ड (MSS)	
स्वास्थ्य संस्थाको न्यूनतम सेवामा पदण्डको प्रतिवेदन बर्षको दुइपटक भर्नुपर्दछ । जुन महिना MSS मा पन गरिएको हो सोही महिनाको मासिक प्रतिवेदनमा यसको विवरण भर्नुपर्दछ । प्रतिवेदन गर्नु नपर्ने महिनामा यस खण्डमा ड्यास (-) चिन्ह लगाउन पर्दछ ।	
मिति	यस महलमा स्वास्थ्य संस्था ले न्यूनतम सेवा मापदण्ड मापन गरेको मिति लेख्नुपर्दछ . मिति उल्लेख गर्दा गते महिना र साललाई क्रम बद्ध रुपमा लेख्नुपर्छ । स्वास्थ्य संस्थाले जुन महिनामा MSS मापन गरिएको हो सोही महिनामा प्रतिवेदन गर्नुपर्दछ ।
कार्यन्वयन	मापन गरिएको न्यूनतम सेवा मापदण्ड चालु आर्थिक बर्षको पहिलो वा दोस्रो कुन चरणको हो सोही अनुसारको कोडमा गोलो घेरा लगाउनु पर्दछ ।
स्कोर (%)	MSS मापनबाट प्राप्त गरेको जम्मा औशत स्कोरलाई प्रतिशतमा खुलाउनु पर्दछ ।
उपलब्ध सेवाहरू	
उपलब्ध सेवाहरू	आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध छ भने १नं कोडमा घेरा लगाउनु पर्दछ रछैन भने २ नं कोडमा घेरा लगाउनु पर्दछ ।
प्रतिवेदन तयार गर्नेको सही नाम र पद	प्रतिवेदन तयार गर्ने कर्मचारीको नाम र पद लेखि सही गर्नुपर्छ ।
प्रमाणित गर्नेको सही नाम र पद	प्रतिवेदन प्रमाणित गर्ने स्वास्थ्य संस्थाको इन्चार्जको नाम, पद लेखि दस्तखत गर्नुपर्दछ ।

१. खोप कार्यक्रम

समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन फाराम (HMIS ९.२) का आधारमा खोप कार्यक्रम र सरसफाई प्रवर्द्धन कार्यक्रमको प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । खोप कार्यक्रमको अभिलेख खोप रजिष्टर (HMIS ९.२) मा राखिएको हुन्छ । स्वास्थ्य संस्थाले प्रतिवेदन तयार गर्दा सम्बन्धित महिनामा सञ्चालन भएका सबै खोप क्लिनिकहरूको प्रतिवेदन समावेश भएको निश्चित गर्नुपर्दछ । साथै उक्त महिनामा खोप सञ्चालनका लागि प्राप्त भएको भ्याक्सिन, खर्च भएको भ्याक्सिन र फिर्ता गरेको भ्याक्सिनको विवरण समेत अद्यावधिक गर्नुपर्दछ । प्रतिवेदन तयार गर्दा सम्बन्धित सेवा रजिष्टरमा अभिलेख गरिएको तथ्याङ्कसँग समूदायस्तर स्वास्थ्य कार्यक्रमको प्रतिवेदन दुरुस्त भए/नभएको यकिन गर्नुपर्दछ ।

संस्थागत क्लिनिक तथा अन्य संस्थाले खोप कार्यक्रमको प्रतिवेदन खोप रजिष्टरको खोप सेवा विवरण (HMIS २.२.३.१) र नियमित खोप सेवामा आफ्नो सेवा क्षेत्रभन्दा अन्यत्रबाट आएका बच्चाहरूको खोप सेवाको विवरण (HMIS २.२.३.२) बाटबाट समायोजन फाराम (HMIS १.६) मा ट्याली गरेर मात्र यो प्रतिवेदन तयार गर्नुपर्दछ । खोप पश्चात् भएका अवाञ्छित घटना (AEFI) हरूको अभिलेख खोप रजिष्टर (HMIS २.३) को पछाडि पट्टि राखिएको हुन्छ । यदि प्रतिवेदन गर्ने महिनामा खोप पश्चात् भएका अवाञ्छित घटनाहरू भएका भए खोप रजिष्टरको अभिलेखबाट सम्बन्धितखोप लगाएपछि भएका घटनाको सङ्ख्या यस प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

महल		**निर्देशन**
खोप पाएका बच्चाहरूको सङ्ख्या	बी. सी. जी.	एक वर्षभन्दा मुनिका बी.सी.जी. पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फारामबाट यस महलमा चढाउनुपर्दछ ।
	रोटा (पहिलो, दोस्रो)	एक वर्षभन्दा मुनिका पी.सी.भी. भ्याक्सिनको पहिलो, दोस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	पोलियो (bOPV) (पहिलो, दोस्रो, तेस्रो)	एक वर्षभन्दा मुनिका पोलियोको पहिलो, दोस्रो, तेस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।

महल		निर्देशन
	एफ.आइ.पि.भी (FIPV) (पहिलो, दोश्रो)	एक वर्षभन्दा मुनिका एफ.आइ.पि.भी को पहिलो, दोस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	पी.सी.भी. (पहिलो, दोस्रो, तेस्रो)	एक वर्षभन्दा मुनिका पी.सी.भी. भ्याक्सिनको पहिलो, दोस्रो, तेस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) को पहिलो पृष्ठबाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	डी. पी. टी. —हेप बी— हिब (पहिलो, दोस्रो तेस्रो)	एक वर्षभन्दा मुनिका डी. पी. टी../हेप वि./हिव को पहिलो, दोस्रो, तेस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) को पहिलो पृष्ठबाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	दादुरा/रुबेला पहिलो, दोस्रो) (९—११, १२—२३)	पहिलो मात्रा (९-११महिनामा) र दोस्रो मात्रा (१२-२३ महिनामा) दादुरा/रुबेलाखोप पाएका बच्चाहरूको सङ्ख्या समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) को पहिलो पृष्ठबाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	जे.ई. -JE	बाह्र १२ महिनामा जापानिज इन्सेफिलाइटिस खोप पाएका बच्चाहरूको सङ्ख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) को पहिलो पृष्ठबाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	टाइफाइड (TCV)	टाइफाइड खोप (TCV) पाएका बच्चाहरूको सङ्ख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	नोटः सामान्यतया एकै समयमा लगाउने खोपको सेवा लिएका बच्चा/गर्भवतीको संख्या बराबर हुनुपर्दछ . जस्तैः रोटा पहिलो डोज, पोलियो (OPV) पहिलो डोज, fIPV पहिलो डोज, PCV पहिलो डोज, DPT-HepB-Hib पहिलो डोज पाएका बच्चा को संख्या बराबर हुनुपर्दछ .	
२३ महिना भित्रमा पूर्णखोप पाएका बच्चा संख्या		२३ महिनाभित्रमा पूर्णखोप पाएका बच्चाको संख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) को "२३ महिना भित्र पूर्ण खोप प्राप्त गरेको बच्चा संख्या भन्ने महलबाट वा समायोजन फाराम (HMIS १.६) बाट प्रयोग गरी जातजातीगत रुपमा तयार गरी पेज नं २० को २३ महिना भित्रमा पुर्णखोप पाएका बच्चाहरुको संख्यामा बालक बालिका अनुसार प्रतिवेदन गर्नु पर्दछ ।
खोप पाएका बालिकाहरू को सङ्ख्या	एच.पि.भि (HPV) (पहिलो,दोश्रो)	एच.पि.भि (HPV) को पहिलो, दोश्रोखोप पाएका बालिकाहरूको सङ्ख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
खोप पाएकागर्भव तीमहिलाहरू को सङ्ख्या	टी.डी. (पहिलो, दोस्रो, दोस्रो+)	गर्भवती महिलालाई गर्भावस्थामा दिइएको टी.डी. खोपको प्रतिवेदन यस भागमा गर्नुपर्दछ । टी.डी.खोपको पहिलो, दोस्रो र दोस्रो खोप पाएका गर्भवती महिलाहरूको सङ्ख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
२४-५९ महिना मा खोप सुरू गरेका		२४ देखि ५९ महिनासम्म खोप सुरू गरेका बच्चाहरूको सङ्ख्या समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) को २४ महिना देखि ५९ महिनासम्म खोप सुरू गरेका बच्चा संख्या भन्ने महलबाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको महलमा चढाउनुपर्दछ ।
AEFI Cases (सामान्य)		खोप पश्चात् कुनै सामान्य प्रकारको र स्थानीय स्तरमा नै समाधान भएको अवान्छित घटना भएमा सो को सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२)

<table>
<tr><th colspan="2">महल</th><th>निर्देशन</th></tr>
<tr><td colspan="2"></td><td>बाट वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ । यस्ता घटना (खोप लगाए पछि अलि अलि ज्वरो आउने, सुई लगाएको ठाउमा दुख्ने, रातो हुने, गिर्खा बस्ने, विसिजी लगाएको ठाउमा अलि अलि पाक्ने आदि वा अभिभावकले भनेका अन्य सामान्य घटनाहरु) खोप रजिष्टरमा अभिलेख जनाउनु पर्दछ ।</td></tr>
<tr><td colspan="2">AEFI Cases
(गम्भिर)</td><td>खोप दिईए पछि कुनै गम्भिर घटना भएमा सो को सङ्ख्या समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) वा समायोजन फाराम (HMIS १.६) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ । खोप सँग जोडिएर कुनै गम्भिर प्रकारको घटना जस्तै सो घटना भई सेवाग्राहिलाई प्रेषण गरियो, वा अस्पताल भर्ना गर्नु पर्ने वा लामो समय उपचार गर्नु पर्ने अवस्था वा मृत्यु भयो आदि भएमा खोप रजिष्टरमा अभिलेख राख्नु पर्दछ । यस्तो अवस्थामा तत्कालै AEFI प्रतिवेदन फाराम अनुसूची १ भरेर पठाउनु पर्दछ साथै अनुसन्धान समेत गर्नु पर्दछ ।</td></tr>
<tr><td colspan="3">खोप प्राप्त, खर्च तथा फिर्ता को विवरणः
समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) मा खोप प्राप्त, खर्च तथा फिर्ता को विवरण सम्बन्धित खोपको प्राप्त, खर्च तथा फिर्ता को विवरण डोजमा उल्लेख गर्नुपर्दछ तर यो संख्या प्राप्त भएको संख्यावाट खर्च भएको (खोप दिन खोलेको र अन्य कारणले बिग्रेको) घटाएर आएको संख्या उल्लेख गर्नुपर्ने भएकोले DHIS-२ मा Entry गर्नु पर्दैन प्रणालीले स्वत निकालिएको हुन्छ सो संख्या संग तालमेल मिलेको नमिलेको हेर्नुपर्दछ ।</td></tr>
<tr><td>यस महिनामा प्राप्त भएको खोप (डोज)</td><td>बी.सी.जी., रोटा, पोलियो, एफ.आई.पि.भि, पी.भी.सी., डी. पी. टी. —हेप बी—हिब, दादुरा—रुबेला, जे.ई., टाइफाइड, टी.डी, एच.पि.भि</td><td>यस महिनामा खोप कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य संस्थामा प्राप्त भएको जम्मा खोपहरु समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा HMIS २.२ मा उल्लेख भएको खोप जम्मा प्राप्त डोज सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ । बिभिन्न खोपहरू फरक—फरक मात्राको भायलमा प्राप्त हुने हुँदा खोप प्राप्त गर्ने समयमा कुन खोप कति मात्राको भायलमा प्राप्त भएको छ, सो को यकिन गरी प्रतिवेदन गर्नुपर्दछ ।</td></tr>
<tr><td rowspan="2">खर्च भएको खोप (डोज)</td><td>खोप दिनखोलेको बी.सी.जी., रोटा, पोलियो, एफ.आई.पि.भि, पी.भी.सी., डी.पी.टी..—हेप बी—हिब, दादुरा—रुबेला, जे.ई., टाइफाइड, टी.डी, एच.पि.भि</td><td>यस महिनामा खोप कार्यक्रम सञ्चालनका लागि प्राप्त भएको खोप मध्य खोप दिनको लागि खोलेका भायलहरू मध्ये खर्च भएको डोजमा सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ । खर्च भएको खोप डोज भन्नाले बच्चालाई दिएको जम्मा खोप डोज र खोप दिन खोलिएको तर प्रयोग नभई खेर गएको समेत बुझ्नुपर्दछ ।</td></tr>
<tr><td>अन्य कारणले बिग्रेको (बी.सी.जी., डी.पी.टी.- हेप बी—हिब, पोलियो, पी.भी.सी.,रोटा, एफ.आई.पि.भि, दादुरा—रुबेला, जे.ई., टी.डी.)</td><td>प्राप्त खोप मध्ये खोप दिन खोलेको भायल बाहेक कुनै कारणले खोप प्रयोग गर्न नमिल्ने भई विग्रीएमा त्यस्तो खोप भायलहरू मध्ये समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा HMIS २.२ वाट खोप खर्च डोजमा सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ ।</td></tr>
<tr><td colspan="2">फिर्ता गरेको खोप डोज</td><td>प्राप्त भएको खोपहरू मध्ये प्रयोग नभई नखोलिएका तर पछि प्रयोग गर्न मिल्ने बाँकी रहेका खोपहरूको विवरण समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट वा HMIS २.२ वाट फिर्ता गरेको खोप (डोजमा) सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ । प्रयोग गर्न मिल्ने (नखोलिएका) खोपहरू सुरक्षित तवरले सम्बन्धित कोल्डचेन सेन्टरमा अनिवार्य रूपमा फिर्ता गर्नुपर्दछ । यसरी फिर्ता गरेका खोपको मात्रा खर्च भएको खोपमा गणना गर्नु हुँदैन । यो संख्या प्राप्त भएको संख्यावाट खर्च भएको (खोप दिन खोलेको र अन्य कारणले बिग्रेको) घटाएर आएको संख्या उल्लेख गर्नुपर्ने भएकोले DHIS-२ मा Entry गर्नु पर्दैन प्रणालीले स्वत निकालिएको हुन्छ सो संख्या संग तालमेल मिलेको नमिलेको हेर्नुपर्दछ ।</td></tr>
</table>

२. नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम

स्वास्थ्य संस्थाहरूले नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम अन्तर्गत प्रदान गरेको सेवाको अभिलेख नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS २.४) मा र गाउँघर क्लिनिकमा प्रदान गरेको सेवाको अभिलेख गाउँघर क्लिनिक रजिष्टर (HMIS-४.१)मा राखिएको हुन्छ । स्वास्थ्य संस्थाहरूले यस कार्यक्रमको प्रतिवेदन तयार गर्दा नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS २.४)मा रहेका २ महिना भन्दाकम उमेरका शिशुहरूको अभिलेख गर्ने खण्ड र २ महिनादेखि ५९ महिनासम्म (५ वर्षभन्दा मुनि) का बच्चाहरूको अभिलेख गर्ने खण्डबाट समायोजन फारामको प्रयोग गरी छुट्टाछुट्टै तयार गर्नुपर्दछ । स्वास्थ्य कार्यकर्ताहरूले गाउँघर क्लिनिकमा प्रदान गरेको सेवाको प्रतिवेदन समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS ९.२) बाट सम्बन्धित महलहरूमा उतार गर्नुपर्दछ ।

स्वास्थ्य संस्था स्तर

२ महिनाभन्दा कम उमेरको		निर्देशन
जम्मा बिरामी		IMNCI Register (HMIS २.४) को २ महिनाभन्दा कम उमेर समूहको खण्डबाट प्रतिवेदन अवधि (महिना) मा २ महिना भन्दा कम उमेरका जम्मा बिरामी शिशुको सङ्ख्या महल नं. ४ बाट २८ दिन भन्दाकम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ । दुइ महिनामुनिको बच्चाको जम्मा संख्यालाई जातजातिगत अनुसार महिला र पुरुषमा समेत प्रतिवेदन गर्नु पर्ने भएकोले सोहि अनुसार HMIS १.६ प्रयोग गरि महिला र पुरुष अनुसार पनि जम्मा संख्या तयार गर्नु पर्दछ।
वर्गीकरण सङ्ख्या (जण्डिस)	गम्भीर सङ्क्रमण	IMNCI Register (HMIS २.४) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिना भन्दाकम उमेरका महल नं. १३ मा ब्याक्टेरियाको सम्भावित गम्भीर सङ्क्रमण (PSBI) वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिन भन्दाकम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	निमोनिया	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दा कम उमेरका महल नं. १३ मा निमोनियाको बिरामी शिशुको सङ्ख्या २८ दिन भन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	स्थानीय सङ्क्रमण	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दाकम उमेरका महल नं. १३ मा ब्याक्टेरियाको स्थानीय सङ्क्रमण (LBI) वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिन भन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	कडा कमलपित्त (जण्डिस)	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिनाभन्दाकम उमेरका महल नं. १३ मा कडा कमलपित्त (कडा जण्डिस) वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिन भन्दाकम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	कमतौल	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दा कम उमेरका महल नं. १३ मा कमतौल वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिन भन्दाकम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	स्तनपान सम्बन्धी समस्या	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दाकम उमेरका महल नं. *१३ मा स्तनपान सम्बन्धी*

२ महिनाभन्दा कम उमेरको		निर्देशन
		समस्या वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
उपचार	एम्पिसिलिन	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दा कम उमेरका बिरामी शिशुहरू मध्ये महल नं. १६ को एम्पिसिलिनबाट उपचार गरिएका जम्मा सङ्ख्या २८ दिन भन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	एमोक्सिसिलिन	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरू मध्ये महल नं. १६ को एमोक्सिसिलिनबाट उपचार गरिएका जम्मा सङ्ख्या २८ दिन भन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ । IMNCI Treatment Protocol ले निमोनिया भएका र स्थानीय संक्रमण भएका शिशुहरुलाई एमोक्सिसिलिनवाट उपचार गर्नुपर्ने व्यवस्था गरेकोले सोही बमोजिम उक्त संख्या संग तादम्यता भएको नभएको हेर्नु पर्दछ ।
	जेन्टामाइसिन गम्भिर संक्रमण भएका मात्र)	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दा कम उमेरका बिरामी शिशुहरूमध्ये महल नं १३ मा गम्भिर संक्रमण वर्गिकरण भई जेन्टामाइसिनबाट उपचार पाएका शिशुहरूको सङ्ख्या महल १६ वाट जेन्टामाइसिनको पहिलो डोज (१) मा गोलो लागेका र पूरा मात्रा (७) मा गोलो लागेका छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ । ***(गम्भिर संक्रमण भएका बाहेक अन्यलाई जेन्टामाइसिनबाट उपचार गरिएको संख्या यस महलमा समावेश गर्नु हुँदैन)***
	अन्य एन्टिबायोटिक	IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरूमध्ये महल १६ मा एमोक्सिसिलिन, एम्पिसिलिन, रजेन्टामाइसिन बाहेक अन्य एन्टिबायोटिकबाट उपचार गरेको शिशुको सङ्ख्या गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
रेफर		IMNCI Register (HMIS २.४) को २ महिनाभन्दा कम उमेर समूहको खण्डबाट २ महिना भन्दाकम उमेरका जम्मा बिरामी शिशुहरूमध्ये महल १९ वाट उपचार क्रममा रेफर भएका जम्मा सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
फलोअप		IMNCI Register (HMIS २.४) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिना भन्दा कम उमेरका जम्मा बिरामी शिशुहरूमध्ये उपचारको क्रममा फलोअपमा आएका जम्मा शिशुहरूको सङ्ख्या महल २० वाट गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
मृत्यु		IMNCI Register (HMIS २.४) को २ महिना भन्दाकम उमेर समूहको खण्डबाट २ महिना भन्दाकम उमेरका जम्मा बिरामी शिशुहरू मध्ये उपचारको क्रममा मृत्यु भएको सङ्ख्या० देखि ७ दिन, २८ दिन भन्दाकम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
गाउँघर क्लिनिक स्तर		
गाउँघर क्लिनिक		यस अन्तर्गतका महलहरूमा समुदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS - ९.२) सम्बन्धित महलहरूमा जस्ताको तस्तै उतार गर्नुपर्दछ ।
२ महिना देखि ५९ महिनासम्मका बच्चा (स्वास्थ्य संस्था स्तर)		

<table>
<tr><td colspan="4">२ महिनाभन्दा कम उमेरको</td><td colspan="3">निर्देशन</td></tr>
<tr><td colspan="4">जम्मा बिरामी</td><td colspan="3">IMNCI Register (HMIS २.४) को २ महिना देखि ५९ महिनासम्म उमेर समूहको खण्डबाट प्रतिवेदन अबधि (सम्बन्धित महिना) मा स्वास्थ्य संस्थामा जँचाउन आएका २ महिना देखि ५ वर्ष उमेरका जम्मा बिरामी बच्चाको सङ्ख्या महल नं. ३ वाट बालिका र बालकको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
यो प्रतिवेदन तयार गर्दा अनिवार्य रुपमा समायोजन फाराम (HMIS १.६) प्रयोग गर्नुपर्दछ ।</td></tr>
<tr><td rowspan="3">बच्चाको वर्गीकरण सङ्ख्या</td><td rowspan="3">श्वास—प्रश्वास</td><td colspan="2">निमोनिया नभएको रुघाखोकी</td><td colspan="3">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका श्वासप्रश्वास रोग लागेका जम्मा बिरामीमध्ये निमोनिया नभएका रुघाखोकीको सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लेख्नुपर्दछ।</td></tr>
<tr><td colspan="2">निमोनिया</td><td colspan="3">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका श्वासप्रश्वास रोग लागेका जम्मा बिरामीमध्ये निमोनिया भएका को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td colspan="2">कडा निमोनिया/ नया गाईडलाईन मा धेरै कडा रोगको फरक वर्गिकरण मा भएको हुदा धेरै कडा रोग हटाउनु पर्ने</td><td colspan="3">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका श्वासप्रश्वास रोग लागेका जम्मा बिरामीमध्ये कडा निमोनिया भएकाको सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td rowspan="5">बच्चाको वर्गीकरण सङ्ख्या</td><td rowspan="5">झाडापखाला</td><td rowspan="3">जल वियोजनको बर्गिकरण</td><td>जलवियोजन नभएको</td><td colspan="2">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका झाडापखाला रोग लागेका जम्मा बिरामीमध्ये जल वियोजन नभएकाको सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td>केही जल वियोजन भएका</td><td colspan="2">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका झाडापखाला रोग लागेका जम्मा बिरामीमध्ये केही जलवियोजन भएकाको सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td>कडा जल वियोजन</td><td colspan="2">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका झाडापखाला रोग लागेका जम्मा बिरामीमध्ये कडा जलवियोजन भएकाको सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td colspan="2">दीर्घ झाडाखाला</td><td colspan="3">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका झाडापखाला रोग लागेका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये दीर्घ झाडाखाला भएकाहरूको वर्गीकरण गरिएका सङ्ख्या महल नं. १७ वाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td colspan="2">आउँ/रगत</td><td colspan="3">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका झाडापखाला रोग लागेका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये आउँ/रगत भएकाहरूको वर्गीकरण गरिएका सङ्ख्या महल नं. १७ वाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।</td></tr>
<tr><td>बच्चाको वर्गीकरण सङ्ख्या</td><td colspan="3">फाल्सिपेरम औलो</td><td colspan="3">IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मकाबच्चाहरू मध्ये फाल्सिपेरम औलो (Plasmodium Falciparum, PF) भएको सङ्ख्या HMIS २.४ को महल नं ४(कोड नं.</td></tr>
</table>

२ महिनाभन्दा कम उमेरको		निर्देशन
		११ मा गोलो लगाएको) आधारमा महल १७बाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	फाल्सिपेरम नभएको औलो	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये Plasmodium Falciparum बाहेक अन्यऔलो - ***Plasmodium Vivex,*** भएका सङ्ख्या HMIS २.४ को महल नं ४ (कोड नं. १२ मा गोलो लगाएको) आधारमा महल १७बाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	धेरै कडा ज्वरोजन्य रोग/कडा जटिल औलो	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूमध्ये धेरै कडा ज्वरोजन्य रोग-कडा जटिल औलो रोग वर्गीकरण गरिएकाहरूको सङ्ख्या वर्गीकरण महल (महल नं. १७) बाट गणना गरी यस महलमा चढाउनुपर्दछ
बच्चाको वर्गीकरण सङ्ख्या	दादुरा	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा दादुरा रोग वर्गीकरण गरिएका बच्चाको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	कानको समस्या	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा कानको समस्या भएका वर्गीकरण गरिएका बच्चाको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	ज्वरो	IMNCI Register (HMIS २.४) बाट २ महिना देखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा ज्वरो वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणनागणना गरी यस महलमा लेख्नुपर्दछ ।
	मध्यमकुपोषण	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा मध्यम कुपोषण वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	कडा कुपोषण	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) माकडा कुपोषण वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	रक्तअल्पता	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा रक्तअल्पता वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	अन्य	IMNCI Register (HMIS २.४) बाट २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरू मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा माथि उल्लेख गरिएका वर्गीकरणहरू बाहेक अन्यवर्गीकरण गरिएका बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	निमोनियाको लागि एमोक्सिसिलिनद्वारा उपचार	२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये निमोनिया बर्गिकरण गरिएका बच्चाहरू मध्ये IMNCI Register (HMIS २.४) को औषधीको प्रयोग महल (महल नं. २०) बाट एमोक्सिसिलिनबाट उपचार भएको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ । IMNCI Treatment Protocol ले निमोनिया भएका मात्रैलाई एमोक्सिसिलिनवाट उपचार गर्नुपर्ने व्यवस्था गरेकोले सोही बमोजिम उक्त संख्या संग तादम्यता भएको नभएको हेर्नु पर्दछ ।
	ओ.आर.एस र जिङ्क चक्की	२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS २.४) को औषधीको प्रयोग गरिएको महल (महल २०)

२ महिनाभन्दा कम उमेरको			निर्देशन
			बाट ओ.आर.एस र जिङ्क चक्कीबाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	आई भी फ्लुइड		२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS २.४) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट आई भी फ्लुडबाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	जुकाको औषधी		२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS २.४) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट जुकाको औषधीबाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	भिटामिन ए		२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS २.४) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट भिटामिन एबाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
रेफर	श्वासप्रश्वास		IMNCI Register (HMIS २.४) बाट उपचारको क्रममा माथिल्लो निकाय वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गरिएका २ महिना देखि ५९ महिनासम्मका बच्चाहरू मध्ये श्वासप्रश्वास सम्बन्धी रोगको उपचारको लागि प्रेषण गरिएको बचचाहरूको संख्या गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	झाडापखाला		IMNCI Register (HMIS २.४) बाट उपचारको क्रममा माथिल्लो निकाय वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गरिएका २ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूमध्ये झाडापखाला सम्बन्धी रोगको उपचारको लागि प्रेषण गरिएको बच्चाहरूको संख्या गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	अन्य		IMNCI Register (HMIS २.४) बाट उपचारको क्रममा माथिल्लो निकाय वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गरिएका २ महिना देखि ५९ महिनासम्मका बच्चाहरू मध्ये श्वासप्रश्वास र झाडापखाला सम्बन्धी रोग बाहेक अन्य रोगको उपचारको लागि प्रेषण गरिएको बच्चाहरूको संख्या गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ
फलोअप			२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्या मध्ये IMNCI Register (HMIS २.४) को फलोअपको महल (महल२४-२६ को कोड) बाट उपचारको क्रममा फलोअप गरिएका बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	मृत्यु	कारण (श्वास— प्रश्वास, झाडापखाला, अन्य)	IMNCI Register (HMIS २.४) बाट उपचारको लागि आएका २ महिनादेखि ५ वर्षभन्दा मुनिका बच्चाहरूमध्ये श्वासप्रश्वास सम्बन्धी रोग वा झाडापखाला सम्बन्धी रोग वाअन्य रोगको कारणले स्वास्थ्य संस्थामा मृत्यु भएको भएमा मृत्यु भएका बच्चाहरूको सङ्ख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
